# परिच्छेद एक

# परिचय

## अध्ययनको पृष्ठभूमि

मानव विचार विनिमयको साधन भाषा हो । भाषा सिङ्गो मानव समुदायको परिचय गराउने मुख्य साधन हो । नेपालको राष्ट्रिय भाषाको रूपमा रहेको नेपाली भाषा सम्पूर्ण नेपालीहरूको विचार आदान-प्रदानको प्रमुख भाषा बन्न पुगेको छ । नेपालमा बासोवास गर्ने नेपालीले नेपाली भाषालाई दुई तरिकाबाट प्रयोग गरेको पाइन्छ । जसमा केही वक्ताहरूले पहिलो वा मातृभाषाका रूपमा प्रयोग गर्ने गरेका छन् भने दोस्रो वा लक्ष्य भाषाका रूपमा केही दोस्रो भाषा वक्ताहरूले यस भाषालाई प्रयोग गर्ने गरेको पाइन्छ । संविधानमा नेपाली भाषा नेपालको राष्ट्रभाषा हुने कुरा उल्लेख भएपछि नेपाली भाषा सरकारी तथा कार्यालयीय कामकाजको भाषा भएको छ । अहिले धेरैजसो संस्थागत विद्यालयहरूमा शिक्षाको माध्यम भाषाको रूपमा अङ्ग्रेजी भाषालाई बनाइएको पाइन्छ तर नेपाली परिवेशमा नेपाली भाषा पनि जान्न आवश्यक रहेको अवस्थामा नेपाली भाषालाई पनि शिक्षणको माध्यम भाषाको रूपमा स्थान दिँइदै आइरहेको अवस्था छ र यसलाई निरन्तरता दिनुपर्ने समेत आवश्यक देखिन्छ ।

नेपाली भाषालाई शिक्षाको माध्यम भाषाका रूपमा स्थान दिइएको छ । त्यसैकारण कक्षा १ देखि स्नातक तह सम्म नै नेपाली विषयलाई अनिवार्य विषयको रूपमा अध्यापन गराउँदै आएको पाइन्छ । भाषा शिक्षण गर्नु भनेको भाषिक सीप शिक्षण गर्नु भएकाले भाषा शिक्षण गर्ने कार्यलाई निकै कठिन कार्य मानिन्छ । भाषासँग सम्बन्धित सीपहरू सुनाइ, बोलाइ,पढाइ र लेखाइ गरी चार प्रकारका रहेका छन् । यिनै चार सीपको विकास गराउन विद्यालय तहका कक्षा १ देखि १० सम्मका नेपाली पाठ्यपुस्तकहरूमा विभिन्न विधा तथा उपविधाहरूका पाठहरू समावेश  गराउँदै आएको पाइन्छ । यिनै विधा तथा उपविधाहरू मध्ये पर्ने रूपक विधा पनि एक हो ।

रूप + अक संस्कृत भाषाबाट नेपाली भाषमा आएको रूपक शब्द ‘रूप’ धातुमा ‘अक’ प्रत्यय लागेर निर्मित शब्द हो । ‘रूप’ धातुमा ‘ण्लुव’ प्रत्यय लागेर त्यस स्थानमा ‘अङ्क’ आदेश हुँदा रूपक शब्द बन्दछ, (उपाध्याय, २०२६:६७) । संस्कृत साहित्यमा रूपक शब्दको अर्थ दृष्य साहित्यसँग सम्बन्धित छ । पूर्वीय आचार्य भरतमुनि तथा आचार्य विश्वनाथले रूपकका दश भेद सहित अठार उपभेदहरूको उल्लेख गरेका छन् । जसमा नाटक, प्रकरण, भाण, व्यायोग, समवकार, डिम, ईहामृग,

अङ्क, वीथी र प्रहसन गरी दश भेदहरू रहेका छन् भने अठार उपभेदहरूमा नाटिका, त्रोटक, गोष्ठी, सट्टक, नाट्यरासक, प्रस्थानक, उल्लाप्य, काव्य प्रेङण, रासक, संलापक, श्रोगदित, शिल्पक, विलासिका, दुर्मल्लिका, प्रकारणिका, हल्लीश, भाणिका पर्दछन् (ऐ, २०५९: ६२) । यसरी रूपकलाई अभिनयात्मक विधाका रूपमा प्रष्ट पारेका छन् । पूर्वीय आचार्यहरूले रूपकलाई अभिनेय काव्य भनेर यो काव्यको वर्णनधर्मी हुन्छ भनेका छन् ।

नेपाली भाषा विद्यालय तहको शिक्षणको माध्यम, सरकारी कामकाज र नेपाली समाजको साझासम्पर्कको भाषा हो । यस दृष्टिले नेपाली भाषाको प्रयोगमा व्यापकता रहेको छ । प्रारम्भिक कक्षादेखिअनिवार्य विषयका रूपमा पठनपाठन हुने नेपाली विषयका विषयवस्तु भाषिक सिप, प्रकार्य रअभिव्यक्तिमा आधारित छन् । प्रकार्य र अभिव्यक्तिमा आधारित भई परिवर्तित सन्दर्भ, सामाजिकमूल्यमान्यता तथा भाषिक सिपका कार्यमूलक प्रयोगलाई समेत समेटी यो पाठ्यक्रम निर्माण गरिएकोछ । यसमा बालबालिकालाई सिकाइप्रति उत्प्रेरित गराउन आवश्यक पर्ने ज्ञान, सिप र अभिवृत्तिगतसक्षमता, सिकाइ उपलब्धि, सिकाइ सहजीकरण क्रियाकलाप र मूल्याङ्कन प्रक्रियालाई विस्तारितरूपमा प्रस्तुत गरिएको छ ।यो पाठ्यक्रम विकास गर्दा दैनिक जीवनमा भाषा प्रयोगलाई सजिलो पार्ने र माथिल्लो तहको शिक्षाआर्जन गर्न आवश्यक पर्ने भाषिक क्षमता विकास गर्ने पक्षलाई जोड दिइएको छ । यसमा भाषिकसिप एवम् सक्षमता विकासका लागि मौखिक अन्तरक्रिया, धारणा निर्माण र प्रस्तुति, सुनाइ रअभिव्यक्ति, सुनाइको तथ्य, प्रतिक्रिया, सञ्चार, संस्कृति, अनुभूति, घटना, कल्पनासँगको सम्बन्धएवम् दृष्टिकोण निर्माणमा जोड दिइएको छ । यसका साथै पठन र बोध, लेखन अभ्यास,शब्दभण्डारको ज्ञान तथा प्रयोग र कार्यमूलक व्याकरणको पहिचान र प्रयोगलाई समेत भाषासिकाइका अङ्गका रूपमा समावेश गरिएको छ । सिकाइ उपलब्धिलाई सुनाइ, बोलाइ, पढाइ रलेखाइ सिपका आधारमा विस्तृतीकरण गरी भाषिक सिपगत पाठ्यभार, सिकाइ सजीकरणकासम्भावित कार्यकलाप र विद्यार्थी मूल्याङ्कनका प्रक्रिया निर्देश गर्दै व्यवहारकुशल सिपलाई समेतसमायोजन गरिएको छ ।नेपाली विषयको मुख्य प्रयोजन भाषिक सिप र सिर्जनात्मक क्षमताको विकास गर्नु हो । सुनाइ रबोलाइ सिप विकासका लागि यसमा मौखिक अन्तरक्रिया, धारणा निर्माण र प्रस्तुति, सुनाइ रअभिव्यक्ति, सुनाइको तथ्य, प्रतिक्रिया, सञ्चार, संस्कृति, अनुभूति, घटना, कल्पनासँगको सम्बन्धएवम् दृष्टिकोण निर्माणमा जोड दिइएको छ । पठन र बोध, लेखन अभ्यास, शब्दभण्डारको ज्ञान तथाप्रयोग र कार्यमूलक व्याकरणको पहिचान र प्रयोगलाई समेत भाषा सिकाइका अङ्गका रूपमासमावेश गरिएको छ । यसले भाषिक सिपको

विकास, भाषाको शुद्ध प्रयोग र स्तरीय अभिव्यक्ति शिल्पर व्यवहारकुशल सिप विकासमा जोड दिएको छ। यस विषयको पाठ्यक्रम विकास गर्दा सम्बद्धसरोकारवाला, विषयविज्ञ, अभिभावक र विद्यार्थीका रायसुझावलाई आत्मसात् गरिएको छ।विषयवस्तुको समायोजन गर्दा नेपाली भाषासाहित्यका मूलभूत मूल्यमान्यतालाई ध्यान दिईपाठ्यक्रमलाई सरल, प्रायोगिक, समयसापेक्ष र स्तरीय बनाइएको छ। यस पाठ्यक्रममा ५० प्रतिशतभाषिक सिपगत निर्माणात्मक सिकाइ र ५० प्रतिशत भाषिक सिपगत निर्णयात्मक सिकाइ हुने गरीविषयवस्तुलाई व्यवस्थित गरिएको छ। (पाठ्यक्रम विकास केन्द्र, २०७२ पृ. १२)

पूर्वीय साहित्यमा रूपकको स्थानमा नाट्य शब्दको प्रयोग भए झै पाश्चात्य साहित्यमा पनि नाटकलाई अभिनय काव्य नै मानिन्छ। पूर्वीय आचार्यहरूले दृश्यकाव्यलाई रूपक वा नाट्य भने झै पश्चिमी साहित्यमा पनि 'ट्रेजेडी' र 'कमेडी'दुवै थरी नाटकलाई प्ले अथवा ड्रामा शब्दको प्रयोग गरेको पाइन्छ, (ऐ, २०५९:६७)।

जसले जुन रूपमा व्याख्या विश्लेषण गरेपनि रूपकलाई अभिनयात्मक विधाकै नामले पुकारिन्छ। वर्तमान सन्दर्भमा नेपाली भाषामा रूपक विधाले खास गरेर भाषाको कथ्यरूप वा मौलिक पक्षलाई जोड दिएको पाइन्छ। अर्काको व्यवहार, रूपाकृति, चरित्र, स्वभाव, आनीबानी अनुकरण आदि विशेषताहरूको दृश्य श्रव्यात्मक रूपमा प्रस्तुति गर्नुलाई रूपक भनिएको छ, (अधिकारी, २०५०:१६९)। यस प्रकार रूपकलाई पात्रले परिस्थिति, अवस्था, विषयवस्तु र व्यक्ति विशेषलाई ध्यानमा राखेर हाउभाउसहित आफ्नो भूमिका निर्वाह गर्दछ। कुनै पनि विषयवस्तु वा घटनालाई हाउभाउद्वारा प्रदर्शन गरिने गरी तयार गरिएको रचनालाई रूपक भनिन्छ, (अधिकारी,२०७२:१४८)।

रूपक विधा अभिनयात्मक विधा भएकाले यस विधाले अभिनयकलाका माध्यमबाट विद्यार्थीमा भाषिक सीप विकास गराउँदछ। सिकारुले कुनै पनि कुरा अभ्यासद्वारा सिक्न सक्दछन् भन्ने भनाइव्यवहारवादीहरूको रहेको छ। त्यस्तै सिकाइमा पुनर्वल तथा इन्द्रियहरूको भूमिका महत्त्वपूर्ण हुने कुरा समेत व्यवहारवादीहरूको रहेको अवस्थामा रूपक विधा शिक्षण गर्दा पनि अभ्यास, पुनर्वल तथा अङ्ग सञ्चालनको आवश्यकता पर्दछ। रूपक विधा अभिनयात्मक विधा भएकाले शिक्षकले शिक्षण गर्दा धेरै अभ्यास गरी सोही अनुरूप विद्यार्थीहरूलाई अभ्यासका लागि पुनर्वल प्रदान गर्नु पर्दछ। अभिनयका लागि शरीरका अङ्ग सञ्चालन गर्न सक्ने गरी शिक्षण सिकाइ गराउन

अत्याधिक रूपमा अभ्यासको आवश्यकता पर्ने गर्दछ । यसकारण रूपक विधा शिक्षण गर्न विद्यार्थीहरूमा भाषिक सीप विकास गराउनका साथै अभिनय कलामा समेत अभ्यस्त बनाउन रूपक विधा अत्यन्तै महत्त्वपूर्ण रहेकाले यस विधालाई विद्यालय तहका सानै कक्षा देखि नै समेटिदै ल्याइएको पाइन्छ ।

नेपाली भाषाको बोलाइ सीप तथा अभिनय कलामा विशेष जोड दिने रूपक विधालाई विद्यालय तहका पाठ्यपुस्तकहरूमा महत्त्व पूर्ण स्थान दिइएको पाइन्छ । आफुले देखेको, पढेको तथा सुनेको आधारमा अर्काको व्यावहार आदि विशेषताहरूको प्रत्यक्ष रूपमा प्रस्तुत गर्नु पर्ने भएकाले रूपक विधा एक विशेष विधाका रूपमा रही आएको छ र यसको अध्ययन अध्यापनमा बढी सचेत रहनु पर्ने आवश्यक देखिन्छ । यस आधारमा कक्षा ७ को नेपाली पाठ्यपुस्तक भित्र समाविष्ट रूपकका संवाद र वादविवाद दुई उपविधाहरू राख्नु विद्यार्थीहरूको स्तर, आवश्यकताका आधारमा उपयुक्त छन् त ? उक्त पुस्तकमा समाविष्ट ‘आन्तरिक पर्यटन’(संवाद) र ‘उद्योगलाई भन्दा कृषिलाई जोड’ (वाद विवाद) पाठले मात्र विद्यार्थीहरूको भाषिक सीपका साथै अभिनय क्षमताको विकास गराउन सकिन्छ ?रूपक विधाका पाठका अन्त्यमा राखिएका शब्दभण्डार तथा सिर्जनात्मक अभ्यासले विद्यार्थीहरूको भाषिक सीप बढाउन सहयोग पुगेको छ ?कक्षा ७ को भाषा पाठ्यपुस्तकमा समाविष्ट पाठका शब्दभण्डार, वाक्य संरचना विद्यार्थीको स्तर क्षमताअनुसारका छन्? यी पाठका विषयवस्तुले विद्यार्थीहरूको स्तर तथा पूर्व ज्ञानलाई समेट्न सक्छन् ?

पूर्वीय आचार्यहरूको समयदेखि नै चर्चा परिचर्चा हुँदै तथा वि.सं. २०२८ अघि नै पाठ्यपुस्तकमा समावेश गरी अध्ययन अध्यापन गरिदै आएको रूपक आज पनि महत्त्वपूर्ण विधाको रूपमा चिनिएकोछ । भाषिक सीपको विकाससँगै अभिनय कलाको समेत विकास गराउने यस विधालाई विद्यार्थीहरूको स्तर, क्षमता, आवश्यकता तथा रुचिलाई ख्याल गरी पाठ्यपुस्तकमा समेटिनु आजको आवश्यकता रहेको देखिन्छ ।

**समस्या कथन**

निम्न माध्यमिक तहको कक्षा ७ मा राखिएको अनिवार्य विषयहरू मध्ये कक्षा अनुरूप १०० पूर्णाङ्कको नेपाली विषय पनि एक हो । नेपाली भाषा नेपालको राष्ट्रभाषा, साझा सम्पर्कको भाषा, सरकारी कामकाजको भाषा, शिक्षा तथा सञ्चारको माध्यम भाषा भएकाले दोस्रो भाषीहरूका लागि

पनि उत्तिकै महत्त्व पूर्ण भाषा हो । यसैकारण नेपाली विषयलाई १ कक्षा देखि स्नातक तह सम्म अनिवार्य विषयका रूपमा राखिएको छ । नेपाली साहित्यका विभिन्न विधाहरूको शिक्षणका माध्यमबाट भाषिक सीपहरूको शिक्षण गर्ने गरिन्छ । विभिन्न विधाहरूको शिक्षणबाट साहित्यिक आस्वादनका माध्यमबाट भाषिक सीप हाँसिल गराउने उद्देश्य राखी प्रत्येक तह तथा कक्षामा रूपक विधा पनि समावेश गरिएको पाइन्छ ।

रूपक भाषाका चारवटै सीप मध्ये अभिनयात्मक अभिव्यक्ति कलासँग बढी सम्बन्धित रहेको विधा हो ।रूपक विधा अर्न्तगत संवाद, वादविवाद, मनोवाद, वक्तृता, नाटक, एकाङ्की, प्रहशन, प्रकरण आदि पर्दछन् (उपाध्याय, २०२६:६७) । समय सर्न्दभका आधारमा कक्षा सातमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि दुईवटा मात्र रूपकविधा समावेश गरी पाठ्यक्रम पाठ्यपुस्तक निर्माण गरिनु र सोही अनुरूप शिक्षण गरिनु सन्दर्भिक हुन्छ ? त्यसैगरी उक्त पुस्तकमा समावेश गरिएका संवाद र वादविवाद पाठ विद्यार्थीहरूको रुचि आवश्यकता अनुकुल छन् कि छैनन् ?साथै यी पाठबाट विद्यार्थीको भाषिक क्षमता कतिसम्म विकास हुन्छ ?पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि यी दुई पाठबाट मात्र हाँसिल हुन सक्छ ?रूपक विधा अभिनयात्मक विधा भएकाले सिद्धान्तमा जुन कुरा उल्लेख गरी यो विधासँग सम्बन्धित उद्देश्य निर्माण गरिएका छन्, उक्त सिद्धान्तलाई उद्देश्य प्राप्तिका लागि व्यावहारिक रूपमा शिक्षण सिकाइ कार्यकलाप गरिएको छ कि छैन् ?यी विधामा प्रयुक्त वाक्य ढाँचा, शब्दभण्डार र विद्यार्थीको शैक्षिक र मनोवैज्ञानिक आधार अनुकूल छन् ?भन्ने जस्ता प्रश्नहरू अनुत्तरित पाइयो ।

कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट संवाद र वादविवाद पाठले विद्यार्थीहरूको स्तर, रुचि, आवश्यकता, क्षमता आदि पक्षलाई समेटेर उनीहरूको अभिनयात्मक कला तथा भाषिक क्षमता, शब्दभण्डारलाई कुनहद सम्म अभिबृद्धि गर्न सक्षम होला ? विद्यार्थीहरू यी पाठको अध्ययनबाट कति सम्म लाभान्वित होलान् ? भन्ने जस्ता सवालहरूले यो शीर्षक समस्यामूलक देखिन्छ । यिनै अनुत्तरित प्रश्नहरूलाई समस्याको रूपमा लिई शोधकार्य अघि बढाइएको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन निम्नलिखित उद्देश्यहरूमा केन्द्रित रहेको छ :

क) कक्षा सातमा समाविष्ट रूपक विधाको शब्दभण्डार, संरचना, विषयवस्तुका आधारमा विश्लेषण गर्नु,

ख) उद्देश्य अनुरूपताका आधारमा रूपक विधाको विश्लेषण गर्नु,

ग) रूपक विधाका पाठहरूको सबल र दुर्बल पक्ष केलाई उपयुक्त सुझाव दिनु ।

**अनुसन्धानात्मक प्रश्नहरू**

यस अध्ययनका अनुसन्धानात्मक प्रश्नहरू निम्नानुसारका रहेका छन् :

क) कक्षा सातमा समाविष्ट रूपक विधाको शब्दभण्डार, संरचना, र विषयवस्तु कस्ता रहेका छन् ?

ख) उद्देश्य अनुरूपताका आधारमारूपक विधा राखिएका छन् वा छैनन् ?

ग) रूपक विधाका पाठहरूका सबल र दुर्बल पक्ष के कस्ता रहेका छन् र दुर्बल पक्ष सुधार गर्न के कस्ता सुझावहरू दिन सकिन्छ ?

**अध्ययनको महत्त्व**

नेपाली भाषा नेपालको साझा सम्पर्कको भाषा हो (अधिकारी, २०७०: ३३०) । त्यसैकारण सबै नेपालीहरूले अनिवार्य रूपमा शुद्ध नेपाली भाषा जान्नु पर्ने आवश्यक देखिन्छ । अध्ययन अध्यापनका लागि सानादेखि ठुला कक्षासम्म स्तर अनुरूपताका आधारमा विभिन्न विधाको छनौट र स्तरण गरिएको छ । त्यस्तै रूपक विधा पनि एक हो । भाषा पाठ्यपुस्तकमा रूपक विधालाई समावेश गर्नुको मूल उद्देश्य अभिव्यक्ति क्षमताको विकास गराउने भएतापनि यसबाट भाषाका चारवटै सीप विकास गराउन सकिन्छ । बोध अभिव्यक्ति क्षमताका साथै शब्दभण्डार बृद्धि, शुद्धोच्चारण क्षमता, लेखनकला तथा सृजनात्मक क्षमताको विकास तथा वर्णविन्यास, व्याख्या, विवेचना, सारांश, व्याकरण आदि जस्ता विभिन्न पक्षको समेत जानकारी दिने भएकाले भाषा पाठ्यपुस्तकमा रूपक विधाको अध्ययन गर्नु महत्त्वपूर्ण देखिन्छ ।

समय सन्दर्भमा नेपालका सरकारी विद्यालयका साना कक्षादेखि ठुला कक्षासम्मका नेपाली पाठ्यपुस्तकहरूमा रूपक विधाका अन्य उपविधाहरूलाई समावेश गराउँदै आइएको छ । पाठ्यक्रममा आधारित भई निर्माण गरिएको कक्षा ७ को पाठ्यपुस्तकका रूपक विधाका पाठहरूयुगको आकाङ्क्षा, समाजको माग, सिकारुको चाहना र समकालीन समाजको आवश्यकता पूर्तिका लागि अपयोगी छन्/छैनन् भन्ने कुरा अगाडि ल्याउने भएकोले यो अध्ययन महत्त्वपूर्ण छ ।

त्यसैगरी उद्देश्य अनुरूपताका आधारमा रूपक विधाहरू समेटिएका छन् वा छैनन् भनेर यस अध्ययनमा विश्लेषण गरिने भएकाले आउने समयमा पाठ्यपुस्तकमा रूपक विधा समेटिदा उद्देश्यका आधारमा समेटन सहयोग पुग्नेछ । यसले पाठ्यक्रम पाठ्यपुस्तक निर्मातालाई मार्गनिर्देशन गर्ने छ फलस्वरूपभावी अध्ययनकर्ताका लागि समेत योअनुसन्धान महत्त्वपूर्ण देखिन्छ । भावी अध्ययनकर्ताहरूले रूपक विधाका जुनसुकै क्षेत्रमा अध्ययन अनुसन्धान गरेतापनि यस अनुसन्धानबाट फाइदा पुग्ने भएकाले प्रस्तुत अध्ययन महत्त्वपूर्ण हुने देखिन्छ । त्यसैगरी यस अध्ययनबाट शिक्षक, अभिभावक र विद्यार्थीहरू लाभान्वित हुनेछन् ।

**अध्ययनको परिसीमा**

यस अध्ययनका निम्न प्रकारका सीमाहरू रहेका छन् :

क) कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको मात्र अध्ययन गरिएको छ ।

ख) शब्दभण्डार संरचना र विषयवस्तुका आधारमा मात्र अध्ययन गरिएको छ ।

ग) उद्देश्य अनुरूपकताका आधारमा मात्र यो अध्ययन केन्द्रित गरिएको छ ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

### सैद्धान्तिक साहित्यको पुनरवलोकन

नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट अन्य विधा सरह भाषिक सीप शिक्षणका दृष्टिले महत्त्वपूर्ण मानिएको विधा मध्ये रूपक विधा पनि एक हो । रूपकविधा अभिनयात्मक अभिव्यक्ति कला भएकाले यसले विद्यार्थीहरूमा भाषिक सीप विकास गराउँदछ । साहित्यका अन्य विधाहरूलाई विभिन्न सिद्धान्तहरूसँग मेल गराउँदै शिक्षण गरेको अथवा विभिन्न सिद्धान्तका मान्यतामा आधारित रहेर शिक्षण गरेको पाइन्छ । त्यस्तै प्रकारले रूपक विधालाई पनि व्यवहारवादी सिद्धान्तमा आधारित रहेर शिक्षण गर्नु उपयुक्त देखिन्छ । भाषिक सीप हासिल गराउन प्रायोग गरिने भाषा पाठ्यक्रमका विधामध्येको रूपक विधा स्वाभाविक गतिका साथ हउभाउपूर्ण ढङगले बेल्ने सीपको विकास गराउनमा महत्त्वपूर्ण देखिन्छ ।

व्यवहारवादीहरू ज्ञान आर्जन इन्द्रियका अनुभवबाट हुन्छ भन्दै अनुभवलाई भाषा सिकाइको आदर्श मान्दछन् । लक, बेकन, वर्कले जस्ता वैज्ञानिकहरू भाषा व्यावहारको माध्यमद्वारा सिकिने कुरा हो भन्दछन् । व्यवहारवादी मनोवैज्ञानिक जि.एफ्. स्कीनरले भाषा सिकाइ व्यावहार र अनुभवबाट हुन्छ भन्ने मत राख्दै यसमा उद्दीपन, प्रतिक्रिया र सवलीकरण जस्ता तीत चरण महत्त्वपूर्ण मान्दछन् । यस सिद्धान्तका आधारमा भाषा सिकाउँदा नियन्त्रित परिवेशमा निश्चित सामग्री र विधिको प्रयोग गरी सिकारुले मुख्य ज्ञान प्राप्त नगरुन्जेल निरन्तर अभ्यास गराएर भाषा सिकाइन्छ । यसरी सिकाउँदा अवस्था र आवश्यकता अनुसार सकारात्मक पुनर्वल प्रदान गरिन्छ । सिकाइमा कमजोर भएका ठाँउमा उपयुक्त पृष्ठपोषण र पर्याप्त अभ्यास गराउने परिवेश तयार गर्ने क्रममा शिक्षकको भूमिका निर्णायक हुन्छ र सिकारुलाई भाषा सिकाइन्छ (लम्साल र अन्य, २०६६:१५) ।

यसरी व्यवहारवादी सिद्धान्तमा आधारित रहेर रूपक विधा शिक्षणमा विद्यार्थीहरूलाई आवश्यक पुनर्वलका साथ पर्याप्त अभ्यास गराई अभिनय तथा अभिव्यक्ति कलामा यथेष्ट बनाइन्छ । नियन्त्रित वातावरणमा आवश्यक विधि तथा सामग्रीहरूको प्रयोग गरेर अभिनयका साथै भाषिक सीपको शिक्षण गरिन्छ । कक्षाका सबै विद्यार्थीहरू समान प्रकृतिका नहुने भएकाले कोही अरुका सामुन्ने बोल्न, हाउभाउ तथा अङ्ग सञ्चालनका साथ अभिनय गर्न लजाउने हुन्छन् । यस्तो अवस्थामा सकारात्मक पुनर्वल प्रदान गरी उनीहरूबाट यस्तो व्यावहार हटाउने कार्यमा शिक्षकको प्रमुख

भूमिका रहने गर्दछ । यस प्रकारले शिक्षण गरेमा विद्यार्थीहरूले उचित रूपमा सिक्न सक्ने कुरामा व्यवहारवादीहरूआस्थावान देखिन्छन् ।

**सम्बन्धित साहित्यको पुनरवलोकन**

साहित्यका विभिन्न विधाहरू मध्ये रूपक विधा पनि एक हो । भाषा सिकाइका क्रममा यसको भूमिका महत्त्वपूर्ण देखिन्छ । यस विधाका बारेमा थुप्रै लेखक तथा समीक्षकहरूले चर्चा परिचर्चा गरेको पाइन्छ । विद्यालय तहका पाठ्यपुस्तकमा समाविष्ट विभन्नि विधाहरूका बारेमा अध्ययन अनुसन्धान भए जस्तै रूपक विधालाई पनि लिएर अनुसन्धान भएको पाइन्छ । विगतमा जे-जति कार्यहरू भएका छन् ती कार्यहरूलाई आधार मान्दै अध्ययन कार्य अघि बढाउनु सान्दर्भिक रहेकाले प्रस्तुत विषयसँग सम्बन्धित यस भन्दा अघिका अध्ययनहरूलाई कालक्रमिक रूपमा निम्न प्रकारले प्रस्तुत गरिएको छ ।

खनाल (२०५७) द्वारा**'कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट रूपक विधाको विश्लेषणात्मक अध्ययन'** शीर्षकमा शोध कार्य गरेको पाइयो । रूपक विधाको सैद्धान्तिक आधारमा विश्लेषण गर्नु, रूपक विधाका आधारमा पाठको व्याख्या विश्लेषण गर्नु जस्ता उद्देश्य राखिएको यस अध्ययनमा पुस्तकालय विधि, खोज तथा सामाग्री संङ्कलन विधि प्रयोग गरिएको छ । यस अध्ययनमा रूपक विधाका आधारमा पाठहरूको व्याख्या विश्लेषण गर्दै तिनका सबल तथा दुर्बल पक्षको जानकारी गराइएको छ । यस अध्ययनमा कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको समय सन्दर्भअनुसार उचित रहेको निष्कर्ष निकालिएको छ । कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको विश्लेषण गरिएको यस अध्ययनले कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका रूपकको शब्दभण्डार, संरचना, विषयवस्तु आदिका दृष्टिले अध्ययन विश्लेषण गर्न सकेको पाइएन ।

पण्डित (२०६१) द्वारा **'कक्षा तीनको मेरो नेपाली किताब र सजिलो नेपाली मालामा प्रयुक्त शब्दभण्डारको तुलनात्मक अध्ययन'**शीर्षकमा शोध कार्य गरिएको पाइयो । दुईवटा पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारको शब्दवर्गका आधारमा वर्गीकरण र विश्लेषण गर्नु ती शब्दहरूको स्रोत पत्ता लगाउनु उद्देश्य रहेको यस अध्ययनमा पुस्तकालय र तुलनात्मक विधिको प्रयोग गरेको पाइयो । नामपदहरूलाई विश्लेषण गरी हेर्दा सजिलो नेपाली माला पहिलो स्थानमा रहेको तथा विशेषण

शब्दहरू अन्तगर्त मेरो नेपाली कितावमा ११७ बटा विशेषण शब्दहरूको प्रयोग गरिएको निष्कर्ष यस अध्ययनले निकालेको छ । कक्षा ३ का दुई पाठ्यपुस्तकको शब्दभण्डार बीच तुलनात्मक अध्ययन गरी निकालिएको निष्कर्षलाई कक्षा ७ का पाठ्यपुस्तक सँग सामान्यीकरण नसकिने भएकाले यो अध्ययनको सीमा रहेको छ ।

पौड्यल (२०६१) द्वारा **'माध्यमिक तहमा पुरानो पाठ्यपुस्तक महेन्द्रमाला र हालको पाठयपुस्तकमा समाविष्टरूपक विधाको अध्ययन'** शीर्षकमा शोध कार्य गरिएको छ । कक्षा ९ र १० को पुरानो तथा नयाँ महेन्द्रमाला पाठ्यपुस्तकमा समाविष्ट रूपक विधा पाठ्यक्रम अनुरूप भए नभएको विश्लेषण गर्नु, यी दुई पुस्तकमा राखिएका रूपक विधाको संरचना र भाषिक पक्षको तुलनात्मक विश्लेषण गर्नु उद्देश्य राखी उक्त उद्देश्य प्राप्तिका लागि सामग्री सङ्कलन, व्याख्या तथा विश्लेषण विधि प्रयोग गरी कक्षा ९ र १० का पुराना तथा नयाँ पाठ्यपुस्तकहरू पठ्यक्रमको अनुरूप रहेको निष्कर्ष निकालिएको यस अध्ययनले कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको शब्दभण्डार संरचना र तथा विषयवस्तुका आधारमा अध्ययन विश्लेषण गरेको पाइएन ।

अर्याल (२०६२) द्वारा**'कक्षा ७ पुरा गरेको विद्यार्थीहरूको नेपाली शब्दभण्डार क्षमताको अध्ययन'** शीर्षकमा शोध कार्य सम्पन्न गरेको पाइयो । कक्षा सातको हाम्रो नेपाली किताबमा समाविष्ट शब्दभण्डारमा विद्यार्थीको क्षमता पहिचान गर्नु, सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गर्नु उद्देश्यहरू राखिएको यस अध्ययनमा प्रश्नोत्तर विधिको प्रयोग भएको पाइयो शब्दभण्डारको सैद्धान्तिक अवधारणा अन्तर्गत शब्दभण्डारको परिचय, स्थान, छनौट र स्तरणका दृष्टिले शब्दभण्डारको विश्लेषण अनि शब्दार्थ शिक्षण र यसको आवश्यकता आदिका बारेमा निष्कर्ष निकालिएको यस अध्ययनले कक्षा सातको पाठ्यपुस्तक रहेको रूपकको शब्दभण्डार, संरचना र विषयबस्तुको अध्ययन गर्न सकेको पाइएन ।

गौतम (२०६५) द्वारा **'कक्षा सातका हाम्रो नेपाली किताव र मेरो नेपाली माला भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन'** शीर्षकमा शोध कार्य गरिएको छ । भाषा पाठ्यक्रमका आधारमा पाठ्पुस्तकको उपयुक्तताको विश्लेषण गर्नु, भाषिक सीप आर्जनका दृष्टिले उक्त दुई पाठ्यपुस्तक मध्ये कुन चाहिँ बढी उपयोगी छ भन्ने कुरा पत्ता लगाउनु जस्ता उद्देश्य राखी अघि बढाइएको सो अध्ययनमा सामाग्री सङ्कलन विधि र पुस्तकालयीय विधि प्रयोग गरिएको छ । हाम्रो

नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका संवाद र वादविवाद पाठको स्तर उपयुक्त रहेको साथै भाषिक सीप आर्जनका दृष्टिले कक्षा ७ को पाठ्यपुस्तकमा समाविष्ट रूपक विधा उपयुक्त रहेको निष्कर्ष निकालिएको यस अध्ययनले कक्षा ७ को हाम्रो नेपाली किताबमा मात्र समाविष्ट रूपक विधाको एकल अध्ययन गर्न नसकेको पाइयो त्यसै गरी उक्त कक्षाका पाठ्यपुस्तकको शब्दभण्डार, संरचना तथा विषयवस्तुका दृष्टिले अध्ययन विश्लेषण गर्न सकेको पाइएन ।

पौड्यल (२०६८) द्वारा **'कक्षा ६ को हाम्रो नेपाली किताब र सजिलो नेपाली माला भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन'** शीर्षकमा शोध कार्य गरिएको छ । यस अध्ययनमा पाठ्यक्रमका आधारमा उक्त दुई पाठ्यपुस्तकहरूमा समाविष्ट रूपक विधाको उपयुक्तताको विश्लेषण गर्नु, भाषिक सीप आर्जनका लागि कुन पुस्तक बढी उपयोगी छ भन्ने कुरा पत्ता लगाउनु भन्ने उद्देश्यहरू समावेश गरिएको छ । प्रस्तुत उद्देश्य प्राप्तिका लागि समाग्री सङ्कलन विधि र अध्ययन विश्लेषण विधि प्रयोग गरी हाम्रो नेपाली किताबमा नेपाली भाषा पाठ्यक्रम (२०५८) अनुसार आफ्नैखुट्टामा उभिन सिक्नु पर्छ 'संवाद' र सहरिया जीवन भन्दा गाउँले जीवन सुखी हुन्छ । 'वादविवाद' समावेश गरिएको उक्त पुस्तकमा समावेश गरिएका संवाद तथा वादविवाद कक्षाको स्तर, शिक्षार्थीको उमेर रुचि, क्षमता र पाठ्यक्रमको उद्देश्य अनुरूप राखिएको पाठ्यसामग्री स्तरीय रहेको, त्यसै गरी सजिलो नेपाली मालामा पाठ्यक्रमले निर्धारण गरेका भाषाका साधारण तथा विशिष्ट उद्देश्यहरूको प्राप्तिमा जोड दिइएको निष्कर्ष निकालिएको छ । यी निष्कर्षका आधारमा यस अध्ययनले कक्षा ६ को पाठ्यपुस्तकमा समाविष्ट पाठहरू पाठ्यक्रम तथा पाठ्यक्रममा उल्लेखित उद्देश्यका आधारमा रहे नरहेको कुरालाई मुख्य रूपमा अध्ययन पगरेको पाइयो । तर कक्षा ६ को रूपक विधामा गरिएको शोध  कार्यको प्राप्ति कक्षा ७ को विद्यार्थीका लागि सामान्यीकरण गर्न नसकिने भएकाले र कक्षा ७ को रूपक विधाको अध्ययन नहुनु यसको सीमा रहेको पाइयो ।

भण्डारी (२०६८) द्वारा**'कक्षा ६ का हाम्रो नेपाली किताव र नयाँ नेपाली शृङखला भित्र समाविष्ट रूपकहरूको अध्ययन'** शीर्षकमा शोध कार्य गरेको पाइयो । भाषा पाठ्यक्रमका उद्देश्यका आधारमा कक्षा ६ का भाषा पाठ्यपुस्तकहरूमा समाविष्ट रूपक विधाको उपयुक्तताको विश्लेषण गर्नु, पाठको आयाम र विषयवस्तु प्रयोगका दृष्टिले उक्त दुई पाठ्यपुस्तक मध्ये कुन बढी स्तरीय र उपयुक्त छ भन्ने कुरा पत्ता लगाउनु जस्ता उद्देश्यहरूका आधारमा यो अध्ययन अघि बढेको पाइयो । यस अध्ययनमा सामग्री सङकलन विधि र अध्ययन विश्लेषण विधिको प्रयोग गरिएको छ । हाम्रो नेपाली

पाठ्यपुस्तक भित्रका पाठ्हरूको आयाम विद्यार्थीको स्तर सुहाँउदो नै रहेको त्यस्तै नयाँ नेपाली शृङखला भित्र समाविष्ट रूपक विधाका पाठहरूको कक्षागत स्तर र विद्यार्थीको उमेर र कक्षा ६ को क्षमता भन्दा बढी रहेको निष्कर्ष निकालिएको यस अध्ययनले भाषिक सीप शिक्षणका दृष्टिले कक्षा ७ को पाठ्यपुस्तकमा समाविष्ट रूपकविधाको कुनै कुरा नउठाएकाले यो नै यसको सीमा रहेको छ ।

भट्टराई (२०६९)द्वारा **'कक्षा ७ को हाम्रो नेपाली किताब र नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट रूपकहरूको तुलनात्मक अध्ययन'**शीर्षकमा शोध कार्य गरेको पाइयो । पाठ्यक्रम अनुरूपताका आधारमा पाठ्यपुस्तकको विश्लेषण गर्नु, भाषिक सीप शिक्षणका दृष्टिले उक्त दुई पठ्यपुस्तकमा समाष्टि रूपक विधा उपयुक्त भए नभएको अध्ययन गर्नु, उक्त दुई पाठ्यपुस्तकहरूकासबल तथा दुर्बल पक्ष पत्ता लगाउनु जस्ता उद्देश्यहरूका आधारमा गरिएको यस अध्ययनमा सामग्री सङ्कलन विधि र तुलनात्मक विधि प्रयोग गरिएको छ । यी उद्देश्यहरूका आधारमा नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट रूपक विधा कक्षागत स्तर विद्यार्थीको रुचि, क्षमता तथा आवश्यकता भन्दा उच्च रहेको त्यस्तै पाठको स्तरण उपयुक्त नदेखिएको आदि  जस्ता निष्कर्ष निकालिएको छ । यस प्रकार कक्षा ७ को हाम्रो नेपाली किताब र नयाँ नेपाली शृङखला भित्र समाविष्ट रूपकहरूको तुलनात्मक अध्ययन शीर्षकमा केन्द्रित रही अध्ययन विश्लेषण गरेपनि कक्षा ७ को हाम्रो नेपाली किताबमा समाष्टि रूपकहरूको अध्ययन गरेको पाइएन ।

सुवेदी (२०६९) द्वारा**'कक्षा ५ को सजिलो नेपालीमाला र मेरो नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन'** शीर्षकमा शोध कार्य गरेको पाइयो । यस अध्ययनमा विद्यार्थीहरूको स्तर अनुरूपताका आधारमा रूपक विधा समावेश स्थिति विश्लेषण गर्नु, यी दुई पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका सबल तथा दुर्बल पक्ष पत्ता लगाउनु, यी दुई पाठ्यपुस्तकमा समाविष्ट रूपक विधा विद्यार्थीको रुचि स्तर क्षमता अनुरूपका भए नभएको विश्लेषण गर्नु जस्ता उद्देश्य प्राप्तिका निम्ति सामग्री सङ्कलन तथा विश्लेषण विधि साथै तुलनात्मक विधिको प्रयोग गरिएको छ । मेरो नेपाली किताबमा २२ वटा पाठहरू मध्ये ३ वटा रूपक विधाका पाठहरू राखिएको र सजिलो नेपाली मालामा २५ वटा पाठहरूमध्ये २ वटा रूपक विधाका पाठहरू समावेश गरिएको र यी दुवै पाठयपुस्तकमा त्रुटि देखिएको त्यस्तै दुवै पाठयपुस्तकमा रूपक विधा अन्तर्गत संवाद मात्र राखिएको निष्कर्ष निकालएको छ । यस आधारमा यस अध्ययनमा विद्यार्थीको स्तर अनुरूप विश्लेषण गरी दुई पाठ्यपुस्तकका सबल तथा दुर्बल

पक्षलाई केलाइएको छ । यस अध्ययनले पनि भाषिक सीप शिक्षणका दृष्टिले कक्षा सातको पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको शब्दभण्डार संरचना तथा विषयवस्तुका बारेमा कुनै अध्ययन गरेको पाइएन ।

नेपाली (२०७०) द्वारा **'भाषिक सीप शिक्षणका दृष्टिले माध्यमिक तहमा समाविष्ट रूपक विधाको अध्ययन'** शीर्षकमा शोध कार्य गरेको पाइयो । उक्त अध्ययनमा रूपक विधाको सैद्धान्तिक पृष्ठभूमिको समीक्षात्मक रूप प्रस्तुत गर्नु, कक्षा ९ र १० मा समावेश गरिएका रूपक विधाको विश्लेषण गर्नु, विद्यार्थीको रुचि, क्षमता र स्तर अनुरूपताका आधारमा रूपक विधाको पहिचान गर्नु, जस्ता, उद्देश्यहरू राखिएको छ । यस अध्ययनमा सामग्री सङ्कलन विधि तथा अध्ययन विश्लेषण विधिहरूको  प्रयोग गरिएको छ । अन्य विधाको तुलनामा रूपक विधा एक रोचक र प्रभावकारी विधाको रूपमा देखिएको रूपक विधाको पाठ र नमूना अभ्यास बीच आवश्यक तालमेल देखिएको, भाषिक सीपका साथै अन्य सीप पनि उत्तिकै हाँसिल गराउन सकिने पाठहरू माध्यमिक तहमा सामावेश भएको निष्कर्ष यस अध्ययनले निकालेको छ । यी उपलब्धि रहेको भए पनि माध्यमिक तहका सन्दर्भमा गरिएको यो शोधपत्रका प्राप्तिहरू कक्षा ७ का विद्यार्थीहरूमा सामान्यीकरण गर्न सकिदैन ।

**पुनरवलोकनको उपादेयता**

रूपक विधासँग सम्बन्धित रहेर गरिएका उपर्युक्त सम्पूर्ण अध्ययनहरू सामुदायिक तथा निजी विद्यालयहरूका कक्षा ५ देखि १० सम्मका विद्यार्थीहरूका रुचि, क्षमता, आवश्यकता साथै पाठ्यक्रम अनुरूपताका आधारमा भाषा पाठ्यपुस्तकको अध्ययनसँग सम्बन्धित पाइयो । यी अध्ययनहरूले प्रस्तुत शोध तयार गर्नका लागि कक्षा ५ देखि १० सम्मका पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको जानकारी प्रदान गरेको, उक्त पुस्तकहरू विद्यार्थी अनुरूपका रहे नरहेका, भाषिक सीप शिक्षण गर्नमा रूपक विधाको महत्त्व  आदि विषयमा जानकारी प्रदान गरी विशेष सहयोग पुऱ्याएका छन् । प्रस्तुत शीर्षकमा केन्द्रित शोधमा उपर्युक्त शोध कार्यहरूले अध्ययन विश्लेषण गर्न नसकेको कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको शब्दभण्डार, संरचना र विषयवस्तुका आधारबाट विश्लेषण गरिएको छ । कक्षा सातमा समाविष्ट रूपक विधा विद्यार्थीको स्तर, रुचि अनुरूप भए नभएको, प्रस्तुत रूपक विधाको शब्दभण्डार संरचना, विषयवस्तुको विश्लेषण गरी यस अध्ययनले विशेष सुझावहरू प्रस्तुत गर्ने कार्य यस अध्ययनले गरेको छ । यस प्रकार गरिएको यस

अध्ययनले कक्षा सातमा कस्ता प्रकारका रूपक विधा तथा तिनमा कस्ता प्रकारका शब्दभण्डार, संरचना, विषयवस्तु राख्ने भन्ने बारे आगामी पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माताहरूलाई जानकारी प्रदान गरेको छ ।

*रूपक शिक्षण*

रूपक भनेको अर्काको अनुकरणात्मक प्रतिनिधित्व गरेर रूप, वेषभूषा, व्यवहार, बोली, हाउभाउ, आनीबानी, स्वभाव र चारित्रिक विशेषताहरुको अभिनय गरेर देखाउने किसिमको श्रव्यदृश्यात्मक विधा हो । त्यसैले यसको मूल उपयोग मौखिक अभिव्यक्ति सिप र जीवन्त अभिनय सिपको विकासका लागि हुने गर्छ । नाटक, एकाङ्की, छलफल, वक्तृता, संवाद, वाद विवाद, स्वगत कथन वा एकालाप जस्ता अभिनयमूलक अभिव्यक्ति कलाको उन्नयन र विकास गर्न रूपक अत्यन्त उपयोगी विधा मानिन्छ। पात्रोचित कथ्य भाषाको जीवन्त उपयोग र जीवन्त अभिनयात्मक अनुकरण वा अनुसरण गर्ने भाषिक अभिक्षमता, स्तरीय कथन क्षमता,तार्किक क्षमता र श्रोता अनुरूपका सहज, सम्प्रेष्य, रोचक, निर्भीक, बुलन्द र प्रभावोत्पादक कथन क्षमता विकासमा सघाउ पुयाउनु नै रूपक विधाको मुख्य ध्येय हो। यस बाहेक प्रभावोत्पादक कथन कला अनुरूपको लेखन क्षमता विकासमा पनि यसबाट सहयोग पुयाउन सकिन्छ। माध्यमिक तहसम्मका भाषा पाठ्यक्रम र पाठ्य पुस्तकमा रूपक विधा अन्तर्गत संवाद, वाद

विवाद, एकाङ्की, मनोवाद र वक्तृता समावेश गरिएका देखिन्छन् । यी प्रत्येक उपविधाका भिन्न प्रकृति र स्वरूप अनुसार यिनका शिक्षण प्रयोजन र शिक्षण प्रक्रियाहरुमा पनि सूक्ष्म भिन्नताहरु हुन्छन्। त्यसैले यिनको छुट्टाछुट्टै चर्चा गर्नु उपयुक्त हुन्छ।

**संवाद शिक्षणः प्रयोजन र प्रक्रिया**

दुई वा दुईभन्दा बढी पात्रहरुका विचमा खास विषय प्रसङ्गलाई लिएर गरिने व्यवस्थित कुराकानी वा छलफल नै संवाद हो। सामान्य गफ र कुराकानीभन्दा केही स्तरीय तर ज्यादा औपचारिक नभएर अनौपचारिक प्रकृतिमै भर पर्ने मौखिक अभिव्यक्ति सिप विकासको अत्यन्त उपयोगी उपविधाका रूपमा यसलाई लिइन्छ। यसमा भाषिक बाहेक भाषेतर हाउभाउ, मुखमुद्रा, अङ्ग सञ्चालन तथा

चेष्टाहरुको पनि जीवन्त उपयोग हुन्छ। धैर्य र संयम अपनाएर एक आपसका कुरा सुन्ने, बुझ्ने, तर्क गर्ने, उदाहरण दिने र आफ्ना कुरा प्रभावकारी ढङ्गले प्रस्तुत गरी सुनिश्चित निर्णय वा उपसंहारमा पुग्ने जस्ता विशेषताहरु यसमा रहन्छन् । थेगो वा रहनी, निपात, उखान टुक्का र सूक्ति प्रयोगका दृष्टिले पनि संवाद निकै जीवन्त हुन्छ।

*विशिष्ट शिक्षण प्रयोजन*

संवाद शिक्षणका विशिष्ट शिक्षण प्रयोजनहरुलाई निम्नानुसार औँल्याउनसकिन्छ :

१. भाषाको मौखिक अभिव्यक्ति वा कथन कलाको जीवन्त विकासमा मद्दत गर्नु

२. सामान्यतः भाषाका ग्रहण र अभिव्यक्ति सिप विकासमा सहयोग पुयाउनु

३. संवाद पठन, संवाद कला र भाषेतर अभिनयमूलक मुखमुद्रा, हाउभाउ र चेष्टाहरुको स्वाभाविक उपयोगमा अभ्यस्त गराउनु

४. श्रोताका लागि सम्प्रेष्य र रोचक पाराले धैर्य, संयम र बुलन्द प्रस्तुति मार्फत कथन प्रभावकारिता निर्माणमा सहयोग पुयाउनु

५. सङ्गति, उच्चारण, आरोह अवरोह, गतियति, अनुतान, निपात, उखान,टुक्का आदिको यथोचित उपयोग क्षमता दिलाउनु


६. विषय वस्तुमा केन्द्रित भएर सोच्ने, स्मरण गर्ने र स्वाभाविक प्रस्तुतीकरण गर्ने क्षमता विकासमा टेवा पुयाउनु,

७. संवादको स्वरूपगत ढाँचा र प्रकृति बुझी सो अनुरूप निर्देशित, नियन्त्रित वा स्वतन्त्र संवाद रचना क्षमता बढाउनु आदि ।

संवाद शिक्षण गर्दा प्रथमतः पाठ वा संवादको सामान्य परिचय दिएर आदर्श वाचन गरी सुनाउने, त्यस पछि क्रमशः सस्वर पठन गराउने, उच्चारण दोष निवारण गर्ने, शब्दार्थ समस्या समाधान गर्ने, पठन बोधात्मक अभ्यास गराउने जस्ता सामान्य कार्यकलाप गराउन सकिन्छ । त्यस पछि विदयार्थीहरुलाई आवश्यकता अनुरूपका पात्रीय भूमिका निर्वाह गरी संवाद पठन अभ्यास गराउने, लेख्य चिह्न, उच्चारण, गतियति, आरोह अवरोह, सुर र आघात मिलाई पढ्ने अभ्यास गराउने, उपयुक्त र स्तरयुक्त विषय दिएर त्यसबारेमा आवश्यक व्याख्या गरी स्वतन्त्र ढङ्गले संवाद गर्ने अभ्यास गराउने, विद्यार्थीको यथोचित आलोपालो मिलाउने, श्रोता वा दर्शकका रूपमा रहेका

विदयार्थीहरुलाई श्रुतिबोधात्मक प्रश्नोत्तर गराउने, पात्रीय भूमिका खेल्ने विदयार्थीका संवादात्मक सिपका बारेमा टीका टिप्पणी गराउने, शिक्षकले पनि आवश्यक टीका टिप्पणी सहित हौसला बढाउने आदि गर्नु उपयुक्त हुन्छ। यस्तै संवादलाई अनुकरणात्मक लेखन, संवाद पूर्ति लेखन र श्रुति लेखन गराउने, गृहकार्यका रूपमा स्वतन्त्र संवाद लेखन अभ्यास गराउने र कक्षा प्रस्तुतीकरण गर्न लगाउने कार्यकलाप पनि आवश्यकता अनुसार गराउन सकिन्छ । आवश्यकता अनुसा संवाद रचना सम्बन्धी सन्दर्भ सामग्री, अभ्यास सामग्री र श्रव्य वा श्रव्यदृश्य सामग्रीहरुको पनि यथोचित उपयोग गर्दा राम्रो हुन्छ ।

**सैद्धान्तिक /अवधारणात्मक ढाँचा**




प्रस्तुत कक्षा ७ को पाठ्यपुस्तक (२०७०) मा समाविष्ट रूपक विधाको अध्ययन रहेको शोधले निम्नमाध्यमिक तहको कक्षा ७ को पाठ्यक्रमका आधारमा पाठ्यपुस्तकमा रूपक विधाको अध्ययन गरेको छ । यस अध्ययनका क्रममा रूपक विधाको शब्दभण्डार संरचना, विषयवस्तुको व्यवहारिक दृष्टिकोणबाट अध्ययन विश्लेषण गरी निष्कर्ष निकाली विशेष सुझावहरू दिइएको छ ।

# परिच्छेद तीन

# अध्ययनको विधि र प्रक्रिया

## अध्ययनको ढाँचा र विधि

यस अध्ययनलाई गुणात्मक ढाँचामा पुस्तकालय विधिद्वारा सम्पन्न गरिएको छ । यस अध्ययनको प्रस्तुति विश्लेषणात्मक र व्याख्यात्मक प्रकृतिको रहेको छ ।

## जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति

यस अध्ययनमा कक्षा ७ को नेपाली पाठ्यपुस्तक भित्र समावेश गरिएका २ वटा रूपकलाई नमुनाका रूपमा छनोट गरिएको छ । जसमा 'आन्तरिक पर्यटन' (संवाद) र 'उद्योगलाई भन्दा कृषिलाई जोड' (वादविवद) पर्दछन् ।

## अध्ययनको क्षेत्र

यस अध्ययनको क्षेत्र शब्दभण्डार, संरचना र विषयवस्तु रहेका छन् । यसका साथै पाठ्यक्रम अनुरूपताका आधारबाट अध्ययन गरी यस शोधको निष्कर्ष निकालिएको छ । शब्दबिना वाक्य, वाक्यविना अनुच्छेद र अनुच्छेदबिना कुनै पनि पाठ पूरा हुन सक्दैन । यिनै शब्द, वाक्य तथा अनुच्छेदले कुनै पनि पाठको पुरै संरचना निर्माण भएको हुन्छ । पाठ्यपुस्तकमा समावेश गरिएका पाठहरू जुनसुकै विधा तथा जुनसुकै क्षेत्रका भए पनि ती पाठहरूले कुनै न कुनै विषयवस्तुलाई उद्घाटित गरेका हुन्छन् । भाषा पाठ्यपुस्तक निर्माणका महत्त्वपूर्ण आधारहरू पनि यिनै हुन् ।

यस अध्ययनमा प्रस्तुत पाठ्यपुस्तकमा समाविष्ट संवाद र वादविवादमा प्रयुक्त शब्दभण्डारको स्रोतका आधारबाट तत्सम, तत्भव र आगन्तुक, बनोटका आधारबाट मूल र व्युत्पन्न, त्यसैगरी वर्गका आधारबाट नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक, निपात र विस्मयादिबोधक शब्दहरूको छुट्टाछुट्टै अध्ययन गरिएको छ । त्यसैगरी यी पाठका शब्द, वाक्य, अनुच्छेद र पुरै पाठको संरचनाको अध्ययन पनि यस शोधमा गरिएको छ । यस अध्ययनमा यी पाठको विषयवस्तुको पनि अध्ययन विश्लेषण गरिएको छ ।

**तथ्याङ्क सङ्कलनका साधन र तरिका**

यस अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि पुस्तकालयीय विधि प्रयोग गरिएको छ । आधारभूत तहको कक्षा ७ को पाठ्यपुस्तक र पाठ्यक्रमलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । त्यसैगरी रूपक विधासँग सम्बन्धित शोध, शब्दकोश, आवश्यक पाठ्यपुस्तक, शिक्षकहरूको सुझाव तथा सल्लाहलाई सहायक सामग्रीको रूपमा लिइएको छ ।

**तथ्याङ्क सङ्कलन प्रक्रिया**

तथ्याङ्क सङ्कलनका लागि सम्बन्धित विषयका पाठ्यपुस्तक, शोधलाई यस अध्ययनले विशेष प्रयोजनमा ल्याइएको छ । यस अध्ययनमा पुस्तकालयीय विधिको प्रयोग गरिएकाले पुस्तकालयमा आँफै गएर आवश्यक सामग्री सङ्कलन गरिएको छ । रूपक विभिन्न अध्ययनहरू, भाषा पाठ्यपुस्तक तथा विभिन्न लेखकहरूका अन्य लेखहरूका माध्यमबाट आवश्यक तथ्याङ्क सङ्कलन गरी यो शोधकार्य पुरा गरिएको छ ।

**तथ्याङ्कको व्याख्या र विश्लेषण**

यो शोधकर्य कक्षा ७ को भाषापाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका दुईवटा पाठमा केन्द्रित रहेर गरिएको छ । यस शोधकार्यमा प्रमुख रूपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । त्यस्तै आवश्यक भएअनुसार व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । त्यसैगरी कक्षा ७ को नेपाली पाठ्यपुस्तक, आधारभूत तहको भाषा पाठ्यक्रम, शब्दकोश, यो विषयसँग सम्बन्धित अघिका शोधकार्य र अन्य लेख रचनाको सहयोगबाट कक्षा ७ को भाषापाठ्यपुस्तकमा समाविष्ट रूपकको शब्दभण्डार, संरचना र विषयवस्तुको अध्ययन विश्लेषण गरिएको छ तर शब्दहरूको आवृति गणना गरिएको छैन ।

# परिच्छेद चार

## नतिजाको व्याख्या एवम् विश्लेषण

विभिन्न उद्देश्यहरू पूरा गर्न भाषा पाठ्यपुस्तकहरूमा विभिन्न विधाहरूलाई समेटिएकोहुन्छ । त्यस मध्ये रूपक विधा पनि एक हो । भाषिक सीप शिक्षणका साथ साथै अभिनय तथा अभिव्यक्ति क्षमताको विकास गराउने यस विधाले शब्दभण्डार बृद्धि, शुद्धोच्चारण क्षमता, लेखनकला, सिर्जनात्मक क्षमताको विकासमा समेत विशेष सहयोग पुऱ्याउने भएकाले यस विधाको अध्ययन हुनु महत्त्वपूर्ण देखिन्छ । प्रस्तुत ‘कक्षा ७को नेपाली पाठ्यपुस्तक (२०७०) मा समाविष्ट रूपक विधाको अध्ययन’ नामक शीर्षकमा गरिएको यस अध्ययनमा कक्षा ७मा समावेश गरिएका रूपकका शब्दभण्डार, संरचना तथा विषयवस्तुको अध्ययन गरिएको छ । पाठ्यक्रमले तोकेका उद्देश्य बमोजिम तथा कक्षा ७ मा पढ्ने विद्यार्थीहरूको स्तर सापेक्ष यी पाठहरू भए नभएको अध्ययन गरी निष्कर्ष निकालिएको यस परिच्छेदमा भाषिक सीप अभिवृद्धिमा यी पाठहरूले सहयोग पुऱ्याए नपुऱ्याएको अवस्थाको समेत अध्ययन गरिएको छ ।

कक्षा सातको पाठ्यक्रमवाट निम्न कक्षागत सिकाइ उपलब्धी हासील गर्न सिकन्छ :

**सुनाइ र बोलाइ**

| सिकाइ उपलब्धि | सिकाई उपलब्धिको विस्तृतीकरण |
|---|---|
| – विभिन्न विषयको वर्णन सुनी प्रतिक्रिया जनाउन | – देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुको मौखिक वर्णन गर्न<br>– अरूले भनेका कुरा ध्यानपूर्वक सुनी प्रतिक्रिया दिन<br>– कुनै पनि विषयको श्रुतिवर्णन, श्रुतिविवेचना गर्न<br>– विषयवस्तुका आधारमा धारणा निर्माण गरी प्रश्नोत्तर गर्न |
| – सन्दर्भ र परिवेशअनुरूप मौखिक सञ्चार गर्न | – सन्दर्भ र परिवेशअनुरूप मौखिक अभिव्यक्ति दिन<br>– अरूले व्यक्त गरेका विषयवस्तु |

| | |
|---|---|
| | ध्यानपूर्वक सुनी प्रतिक्रिया दिन<br>– सन्दर्भ, परिवेशअनुरूप शिष्टाचारका शब्द प्रयोग गरी दोहोरो सञ्चार गर्न |
| – पाठगत सन्दर्भमा आधारित छलफल र अन्तरक्रिया गर्न | – विषयवस्तु वा घटनाको पूर्वानुमान र पश्चानुमान गर्न<br>– पाठगत सन्दर्भमा आधारित भई प्रश्नोत्तर गर्न<br>– विषयवस्तु वा घटनालाई सारमा व्यक्त गर्न<br>– विषयवस्तु वा घटनामा आधारित भई पात्रको वर्णन तथा तुलना गर्न<br>– पाठगत विषयवस्तुमा आधारित भई छलफल र अन्तरक्रिया गर्न |
| – सञ्चारका विभिन्न माध्यमबाटव्यक्त विषयवस्तु सुनीप्रतिक्रिया जनाउन | – रेडियो, टेलिभिजन तथा अन्य सञ्चार माध्यममा प्रस्तुत विषयवस्तु सुनी प्रतिक्रिया दिन<br>– विभिन्न सञ्चार माध्यमहरूमा आफ्ना विचार प्रस्तुत गर्न सक्ने गरी बोल्न |
| – विभिन्न प्रकारका अभिव्यक्तिको संरचना तथा शैली अनुकरण गर्न | – अभिव्यक्तिको संरचना र शैली पहिचान गर्न<br>– विषयवस्तुको शैली अनुकरण गरी विचार प्रस्तुत गर्न |
| – विभिन्न विषयमा गरिनेसंवाद तथा वादविवादमासहभागी भई तार्किक प्रस्तुतिदिन | – संवाद तथा वादविवादमा सक्रियतापूर्वक सहभागिता जनाउन<br>– संवाद तथा वादविवादको शैली र संरचना अनुकरण गरी तर्क प्रस्तुत गर्न |

| | |
|---|---|
| – सामाजिक, सांस्कृतिकपरिवेशअनुसार सान्दर्भिकप्रतिक्रिया जनाउन | – सामाजिक सांस्कृतिक परिवेशअनुसार भाषिक प्रतिक्रिया दिन<br>– समाजमा प्रचलित भाषा, संस्कृति, रीतिरिवाजबारे बताउन<br>– भाषिक भिन्नताको बोध गरी उपयुक्त भाषाको प्रयोग गर्न |
| – कल्पना वा यथार्थमाआधारित भई निर्दिष्टविषयवस्तुको वर्णन गर्न | – कुनै विषय वा घटना सुनेर सन्दर्भ वा विषयवस्तुको वर्णन गर्न<br>– तोकिएका विषयका बारेमा मौखिक सिर्जना गर्न |

पढाइ

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|
| – लिखित सामग्रीलाई गति, यतिर लय मिलाई वाचन गर्न | – पद्य पाठलाई गति, यति, लय मिलाई वाचन गर्न<br>– गद्य पाठलाई गति, यति र हाउभाउसहित वाचन गर्न |
| – निर्धारित समयमा पाठ पढीपठन गति वृद्धि गर्न | – निर्धारित समयभित्र पाठको सस्वर पठन गर्न<br>– गति वृद्धि गर्ने गरी पाठको सस्वर पठन गर्न |
| – पाठ पढी प्रश्नोत्तर गर्न | – पाठ पढी पाठको संरचना, विषयवस्तु र भाव बोध गर्न<br>– पाठलाई युग्म र समूहमा पठन गर्न<br>– पाठमा रहेका पात्र वा घटनाको पहिचान |

| | |
|---|---|
| | गर्न<br>– पाठमा निहित सन्देश ग्रहण गर्न<br>– प्रश्नोत्तर गर्न सक्ने गरी निर्धारित पाठ पढ्न<br>– पाठ पढी प्रश्न निर्माण गर्न |
| – पाठ पढी शब्दभण्डार वृद्धि गर्न | – पाठका प्रयुक्त नयाँ शब्द पहिचान गर्न<br>– पाठमा प्रयुक्त शब्द शुद्ध उच्चारण गर्न<br>– पाठका प्रयुक्त नयाँ शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>– विभिन्न पाठ्यसामग्री पढी शब्दभण्डार वृद्धि गर्न |
| – मुद्रित एवम् विद्युतीय सामग्रीरुचिपूर्वक पढ्न | – मुद्रित तथा विद्युतीय सामग्री बोध गर्ने गरी पढ्न<br>– मुद्रित तथा विद्युतीय सामग्रीमा निहित मुख्य भाव पहिचान गर्ने गरी पढ्न<br>– मुद्रित तथा विद्युतीय सामग्री मनोरञ्जन लिने गरी पढ्न |
| – विषयवस्तुको व्याख्या र विश्लेषण गर्ने गरी पढ्न | – पाठ्यसामग्रीको गहन अध्ययन गरी विषयवस्तुको सार खिच्न<br>– विभिन्न प्रकारका पाठ पढी सन्देश बोध गर्न<br>– पाठ्यसामग्री पढी विषयवस्तुको व्याख्या र विश्लेषण गर्न |
| – व्यावहारिक लेखनका स्वरूप,विषयवस्तु र ढाँचा पहिल्याउनेगरी पढ्न | – व्यावहारिक लेखनको ढाँचा र स्वरूप पहिचान गर्ने गरी पढ्न<br>– चिठी, विज्ञापन, निमन्त्रणा, शुभकामना |

| | |
|---|---|
| | जस्ता व्यावहारिक रचना रुचिपूर्वक पढ्न |

लेखाइ

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|
| – निर्दिष्ट पाठ वा अनुच्छेदकोअनुलेखन र श्रुतिलेखन गर्न | – निर्दिष्ट पाठ वा अनुच्छेदको अनुलेखन गर्न<br>– शब्द, वाक्य र अनुच्छेदको श्रुतिलेखन गर्न |
| – पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न, शब्दको बनोट हिचान गर्न र वाक्यमा प्रयोग गर्न | – पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न<br>– पाठमा प्रयुक्त शब्दको बनोट पहिचान गर्न<br>– शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>– पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, श्रुतिसमभिन्नार्थी,अनुकरणात्मक, समावेशक, समावेश्य, लघुतावाची, समूहवाचक,प्राविधिक/पारिभाषिक शब्द तथा उखान र टुक्काको समुचित प्रयोगगर्न |
| – सुनेका, देखेका र अनुभव गरेकाघटना, परिवेश रविषयवस्तुको लिखित वर्णनगर्न | – सुनेका, देखेका र अनुभव गरेका घटना, परिवेश रविषयवस्तुकोटिपोट गर्न<br>– सुनेका, देखेका वा अनुभव गरेका घटना वा विषयवस्तुका आधारमा लिखित वर्णन गर्न<br>– स्वअनुभवमा आधारित भई घटना वा विषयको काल्पनिक वर्णन गर्न |

| | |
|---|---|
| – विभिन्न पद्य पाठ वा रचनालाईगद्यमा रूपान्तर गर्न | – निर्दिष्ट पद्य विधाका पाठ वा श्लोकलाई गद्यमा रूपान्तर गर्न<br>– पद्य विधाका पाठ पढी गद्य ढाँचामा परिवर्तन गरी लेख्न |
| – पाठको विधागत स्वरूप पहिचान गरी प्रश्नोत्तर गर्न | – पाठमा आधारित प्रश्नको उत्तर लेख्न<br>– सम्बन्धित पाठका घटनालाई सिलसिला मिलाई लेख्न<br>– पाठमा प्रयुक्त पात्रको चरित्र वर्णन गर्न<br>– सम्बन्धित पाठको सार लेख्न<br>– पाठ पढी पाठको समीक्षा गरी लेख्न |
| – वर्णविन्यास, निर्धारित लेख्य चिह्न र सङ्गति मिलाई वाक्य रचना गर्न | – पूर्णविराम, प्रश्नवाचक, अल्पविराम, उद्गार, योजक र कोष्ठक चिह्नको पहिचान गरी वाक्य वा अनुच्छेदमा प्रयोग गर्न<br>– लिङ्ग, वचन, पुरुष र आदर सङ्गति मिलाई वाक्य वा अनुच्छेद |

**शब्दभण्डार, संरचना र विषयवस्तुका आधारमा कक्षा सातको रूपक विधाको अध्ययन**

***शब्दभण्डारको परिचय***

भाषाको सबै भन्दा सानो अर्थयुक्त एकाइलाई रूप भनिन्छ । यो शब्दको संरचक घटक पनि हो । शब्द भाषाको सबै भन्दा सानो स्वतन्त्र रूप हो । यसलाई भाषाको केन्द्रीय एकाइ पनि मान्ने गरिन्छ । भाषाको आधारभूत एकाइको रूपमा चिनिने शब्द भाषाको सार्थक स्वतन्त्र एकाइ हो । भाषाका यिनै स्वतन्त्र एकाइको समष्टि नै शब्दभण्डार हो । भाषाभन्ने बित्तिकै त्यहाँ शब्दहरू वाशब्दसमूह रहेकै हुन्छ । कुनै पनि भाषा प्रयोग गर्ने प्रयोक्ताले उक्त भाषा प्रयोग गर्ने क्रममा जति पनि शब्दहरू

प्रयोग गर्दछन् ती सबै शब्दहरू त्यस भाषाका शब्दभण्डार हुन् । कुनै पनि भाषामा पाइने र प्रयुक्त हुने यावत शब्दहरूको समूहलाई शब्दभण्डार भनिन्छ (शर्मा, २०६१:५६) । शब्दहरू तत्सम, तदभव तथा आगन्तुक विभिन्न स्रोतबाट आएका हुन्छन् । यी जुनसुकै स्रोतबाट आएका शब्दहरू हुन् वा कुनै पनि भाषा राष्ट्रभाषा अथवा राष्ट्रिय भाषा, भाषिका हुन् या अरु कुनै भाषा बोल्दा होस् उक्त भाषा प्रयोक्ताले प्रयोग गर्ने शब्दहरू त्यस भाषाका शब्दभण्डार हुन् । कुनै पनि भाषामा भएका र त्यस भाषाका प्रयोक्ताले प्रयोग गर्ने शब्दहरूको समष्टि नै शब्दभण्डार हो (भण्डारी, २०६०:४५)।तसर्थ भाषाको आधारभूत तत्त्वकारूपमा शब्द रहने भएकाले प्रत्येक भाषामा शब्दभण्डार रहने गर्दछन् ।

*'आन्तरिक पर्यटन' संवादमा प्रयुक्त शब्दभण्डारको अध्ययन*

शब्दभण्डार भित्र नेपाली शब्द ढुकुटीका विभिन्न किसिमका शब्दहरू पर्दछन् । यहाँ वर्ग, बनोट र स्रोतका आधारमा रूपकका पाठमा प्रयुक्त शब्दभण्डारलाई विश्लेषण गरिएको छ । जुन निम्नानुसार रहेका छन् :

*वर्गका आधारमा शब्दभण्डार*

*क) विकारी शब्द*

वचन, लिङ्ग, पुरूष र काल आदिका आधारमा रूप परिवर्तन हुने वा विकार हुने पदहरूलाई विकारी शब्द वा पद भनिन्छ (लामिछाने, २०५७:९) । शिक्षणलाई प्रभावकारी बनाउन पाठमा प्रयोग गरिएका शब्दहरू जीवन सापेक्ष तथा व्यवहारिक रूपमा प्रचलित हुनुपर्छ । रूपकमा प्रयुक्त शब्दबाट विद्यार्थीहरूले नाम, सर्वनाम, विशेषण र क्रियापद सम्बन्धी ज्ञान हुनुपर्छ । कक्षा ७ को भाषा पाठ्यपुस्तकमा समाविष्ट रूपक पाठमा प्रयोग भएका नाम, सर्वनाम, विशेषण र क्रियापदलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| नाम | सर्वनाम | विशेषण | क्रियापद |
|---|---|---|---|
| धनुषकोटि, मानिस,<br>पयर्टक, नेपाली, पर्यटन,<br>प्राकृतिक स्थल, देश,<br>नागारिक, काका, छिमेकी,<br>दाइ, रेडियो, टेलिभिजन<br>गुरुआमा, साधी, पैसा,<br>जेट,विमान, विदेश, बस,<br>रेल, भारत, ईशा, मुलुक,<br>नक्सा, स्थल, तिर्थ, रोहन,<br>विद्यालय, गरु, छलफल,<br>पत्रिका, पुस्तक, पूर्व,<br>पश्चिम, शीला, घर, डोटी,<br>जिल्ला दार्जुला, अछाम,<br>सिमाना, खप्तड,<br>डडेलधुरा, घटालबाबा,<br>उग्रतारा, बैतडी,<br>त्रिपुरासुन्दरी, दहीमाडौ,<br>शैलेश्वरी, बढीमालिक,<br>मुगु, रारा, जुम्ला, सिँजा,<br>उपत्यका, डोल्पा,<br>सेफोक्सुन्डो, कञ्चनपुर,<br>शुक्लाफाँट, वन्यजन्तु,<br>कैलाली, घोडाघोडी, ताल,<br>बुवा, राजवंशी, सुन्दर,<br>नेपालगञ्ज, भ्रमण, दैलेख,<br>प्युठान, स्वर्गद्वारी, बर्दिया,<br>ठाकुरद्वारा, सुर्खेत, बुलबुले | त्यहाँ, यहाँ, यो,<br>तिमी, मैले, मेरो,<br>हाम्रो, तिम्रो<br>त्यस्ता, जे,<br>उनलाई उता,<br>उनी, त्यस्तै, यति,<br>आँफै, त्यो, त्यसै,<br>त्यता, कहीँ,<br>मलाई, केही, के<br>कसैले, यसरी, यसै,<br>त्यसो, त्यस कसरी,<br>यस्तो अरु सबै<br>त्यही, | प्राकृतिक, धार्मिक,<br>विशेष, सय, केही,<br>सानो, बढी, ठिक<br>ठिकै, गलत,<br>सांस्कृतिक, हजारौ,<br>एतिहाँसिक, धेरै,<br>नजिक, पैसावाल,<br>निकै, महत्वपूर्ण, सबै,<br>प्रख्यात, प्रसिद्ध, खरर,<br>चानचुने, हिजो, ताजै,<br>रमणीय, अन्य, पछि,<br>सबै, मुख्य, अझै,<br>दर्शनीय, चर्चित,<br>पर्यटकीय, नामी,<br>राम्रा, मुख्य, उच्चमै,<br>फाइदा, व्यापारिक,<br>खास, घरेलु,<br>उत्पादित, एक,<br>जातीय,सजिलो,<br>विर्सुवा | होइनन्, हिड्न्, सक्छन्,<br>जान्यौं, थिएँ, जान्छन्,<br>लाग्छन्, हेर्ने, हुन्, पढेर,<br>सुनौ, छैन, भन्छु, हुन्छ,<br>रहिछौ, भन्नु, पाइयो,<br>जान्दछ्यौ, हुन्न, लाग्यो,<br>बनाइदेऊ, भएँ, रहेछ,<br>छन्, भन्यौ,थियो, सक्यौँ,<br>हुन्थ्यौँ, भनिदेऊ, मिल्छ,<br>पाइन्छ, बढ्छ, चाहिन्छ,<br>पाइन्छ, जान्छन्,<br>ल्याउँछन्, पाउँछन,<br>गर्छन्, पुग्छ, बढाउँछ,<br>भन्छन्, |

| | | | |
|---|---|---|---|
| ताल, कपिलवस्तु, लुम्बिनी, पर्सा, गडिमाई, धनुषा, जानकी, मन्दिर, सप्तरी, छिन्नमस्ता, चितवन, देवघाट, प्रत्येक, निखिल, पर्वत, गुल्मी, स्याङ्जा, सेतीवेनी, तीर्थ, मुस्ताङ, मुक्तिनाथ, कास्की, पोखरा, फेवाताल, पातले, हाँगो, महेन्द्र गुफा, काठमाडौ, पशुपतिनाथ, स्वयम्भू, दक्षिणकाली, भक्तपुर, ललितपुर दरबार, क्षेत्र, रसुवा, गोसाइकुण्डा, काभ्रेपलान्चोक, बनेपा, पनौती, नमोबुद्ध, भगवती, अलमल, सुनसरी, पिण्डेश्वरी, दन्तकाली, बुढासुब्बा, बराहक्षेत्र, भोजपुर, टेम्के, लेक, दिङ्ला, साल्पा, सङ्खुवासभा, पोखरी, तेह्रथुम, मिल्केडाँडो, इलाम, कन्याम, माई ताप्लेजुङ, पाथिभरा, करेसाबारी, बर्णन, सुलोचना, सामाजिक, | | | |

| | | | |
|---|---|---|---|
| शिक्षा, परियोजना, मनोरञ्जन, इतिहाँस, व्यापार, बिक्रि, सामान, उत्पादन, आर्थिक, रुपियाँ, जाति, बसोबास, भाषा, भेष, खानपान, चाडपर्व रितिरीवाज, विकास, प्रचार प्रसार, सुधीर, वनभोज, बुझाइ, सुन्दरता, दृश्यावली, फूर्ती, प्रेरणा, चिनारी, सैन्दर्य | | | |

*ख. अविकारी शब्द*

वचन, लिङ्ग, पुरूष र काल आदिका आधारमा रूप परिर्वतन नहुने वा विकार नहुने पदहरूलाई अविकारी शब्द वा पद भनिन्छ (लामिछाने, २०५७ : ९) ।

| क.स. | नामयोगी | क्रियायोगी | संयोजक | निपात | विस्मयादिबोधक |
|---|---|---|---|---|---|
| | तिर, सँग, सम्म, लाई, ले | निकै, खरर, सारै, चानचुने, हिजो, पछि, अक्क न बक्क, बिस्तारै, उत्तिकै, अचम्मै, फेरिफेरि, ध्यानपूर्वक, राम्ररी | र, लागि, एवम्,बाट, अनि, पनि, भने, भन्ने, | नि, त, नै, पो, कि, न रे | ए ! ल ! भन न ! लौ ! अँ.... अँ ! खोइ ! भन त ! बिर्सुवा ! |

*बनोटका आधारमा शब्दभण्डार*

| मूल | व्युत्पन्न |
|---|---|
| मानिस, रेडियो, टेलिभिजन, पैसा, विमान, वस, रेल, भारत, मुलक, नक्सा, सुन्दर, पत्रिका, पुस्तक, घर, डोटी, दार्जुला, माल्लिकार्जुन, बझाङ, बाजुरा, अछाम, जिल्ला, सिमाना, खप्तड, डडेलधुरा, उग्रतारा, घटाल, बाबा, बैतडी, त्रिपुरासुन्दरी, शैलेश्वरी, बाजुरा, बढीमालिका, रारा, जम्ला, डोल्पा, कञ्चनपुर, कैलाली, नेपाली, नेपालगञ्ज, दैलेख, प्युठान, स्वर्गद्वारी, बर्दिया, सुर्खेत, लुम्बिनी, पर्सा, बाल्मीकि, बारा, गडिमाई, धनुषा, सप्तरी, चितवन, देवघाट, पर्वत, गुल्मी, स्याङजा, मुस्ताङ, मुक्तिनाथ, कास्की, फेवाताल, महेन्द्रगुफा, बनेपा,हलेसी, दोलखा, भीमेश्वर, जिरी, मनोरञ्जन, संस्कृति, इतिहास, भुगोल, रुपियाँ, जाति, चाडपर्व | आन्तरिक, धार्मिक, प्राकृतिक, नागरिक, ऐतिहासिक, विद्यालय, सौन्दर्य, रमणीय, दर्शनीय, व्यापारिक, घरेलु, आर्थिक, जातीय, पर्यटक, पर्यटन, पूर्व पश्चिम |

**उद्योगलाई भन्दा कृषिलाई जोड (वादविवाद) को शब्दभण्डारको अध्ययन**

*वर्गका आधारमा शब्दभण्डार*

*क. विकारी शब्द*

| नाम | सर्वनाम | विशेषण | क्रियापद |
|---|---|---|---|
| उद्घोषक, सभाध्यक्ष, गुरु, गरुआमा, साथी, नमस्कार, उद्योग, कृषि, रियाज, चित्रकला, सञ्जय, रीतिका, प्रतियोगी, घण्टी, प्रतियोगिता, नेपाल, तालिम, कामदार, खेत, अनुभव, जमिन, हलो, कोदालो, पुर्खा, अन्नबाली, बिउ, परिवार, समाज, बुढाबुढी, मिहिनेत, अर्थतन्त्र, | मेरो, म, उनले, उनमा, उनी, हामी, यही, उहाँ, यस्तो, यो, त्यसैले, त्यसका, त्यो, त्यहाँ, यसै, आफ्नो आफै, त्यसकै, | प्यारा, कुशल, सही, मध्यम वर्गीय, राम्री, सयौँ, अनुभवी, सीप, राम्रो, अलिकति, असफल, बुद्धिमानी, हजारौँ, औद्योगिक, बढी, कम, मौसमी उहिल्यै, विकसित, अघि, छिटो, स्तरीय, जाडै, पहिलो, दोस्रो, | हुनुहुन्छ, गर्छु, छैन, छ, हुन्छ, दिनुपर्छ, छु, भयो, थियो, खोले, थिएन, सकेनन्, भए, पाइन्छन्, सक्दैन, रोप्नुपर्छ, गर्थे, पर्छ वढछ, हुदैन, बोल्नुहुन्छ, भन्नुभयो, भएन, हो, मिल्दैन, |

| | | | |
|---|---|---|---|
| पुँजी, प्रविधि, व्यवस्थापन, श्रम, राष्ट्र, मुहार, औजार, नदीनाला, चिन, भारत, अमेरिका, युरोप, गरिबी, बन, बाडी, पहिरो, भुक्षय, सगरमाथा, बुद्ध, नेपाल, मन्तव्य, कुशलता, ठोकुवा, वैज्ञानिकता, प्राथमिकता | | अधिक,सताब्दियौँ, जैविक, अत्यधिक, विविधीकरण, गरिब, ठुलो, चिनियाँ, थोरै, धेरै, प्रशस्त, कल्याण, विजयी | गर्नुभयो, गरिन्छ, अपनाइन्छ, होइन, चाहिन्छ, हुन्छन्, गर्नुपर्छ, पुऱ्याउनुपर्छ, बढाउनुपर्छ, गर्छन, पुऱ्याउँछन्, रहन्छ, सक्छन्, चाहन्छन्, पुग्छ, गरिसक्थ्यो दिए, गरे, सुनायो, गरिन्, |

*ख. अविकारी शब्द*

| नामयोगी | क्रियायोगी | संयोजक | निपात | विस्मयादिबोधक |
|---|---|---|---|---|
| पछि, साथ, भन्दा, सँगै, तिर, अनुसार, अनुरुप, सहित, भित्र, | कहिले, कसरी, अलिकति, न्यूनतम, अन्यधिक, तत्कालै, विस्तार | र, तर, भन्ने, भने, पनि, एवम्, त्यसैले, किनकि, तसर्थ, नत्र | न, त, नै, झैँ | |

***बनोटका आधारमा शब्दभण्डार***

| मूल | व्युत्पन्न |
|---|---|
| कृषि, विषय, पक्ष, साथी, रियाज, सञ्जय, रीतिका, आज्ञा, टिपोट, समय, घण्टी, नेपाल, ज्ञान, तालिम, कामदार, जमिन, हलो, कोदालो, परिवार, समाज, मन, अनुभव, मिहिनेत, तर्क, मेसिन, जापन, कोरिया, इच्छा, इतिहास, फारम, पेसा, जनता, वन, बाढी, पहिरो, नाफा, पदार्थ, औजार, सगरमाथा, बुद्ध, वाद, विवाद, निर्णय, कक्षा, पुरस्कार, | सभाध्यक्ष, वर्गीय, औद्योगिक, अर्थतन्त्र, आत्मनिर्भरता, पूर्वाधार, प्रारम्भिक, विचार, आधारहीन, स्वाभाविक, विकसित, स्तरीय, सामूहिक, बेमौसमी, पूर्ववक्ता, आर्थिक, शक्तिशाली, जनशक्ति, गरिबी, विजयी, विद्यार्थी, चित्रकला, कृषक,खेती, भूक्षय, शिक्षक, विपक्ष, प्रतियोगिता, खाद्यान्न, |

*रूपक विधाको संरचनागत अध्ययन*

भाषापाठ्यपुस्तकका निर्माणका आधारहरू मध्ये शब्दभण्डार पछि संरचना आउने गर्दछ । संरचना भन्नाले पाठ्यपुस्तकमा समाविष्ट पाठहरूको लम्बाइ, त्यसपाठका अनुच्छेद, वाक्य तथा शब्दहरूको बनोट पक्षको विश्लेषण भन्ने बुझिन्छ । पाठ, अनुच्छेद, वाक्य आदिको संरचना तह अनुसार फरक फरक हुने गर्दछन् । शब्दहरूलाई लामालामा वाक्यमा उनेर प्रस्तुत गरिएमा पाठ्यपुस्तक कठिन बन्न जान्छ । तसर्थ सरल, सहज र कम बोझिला वाक्यको सङ्ख्या राख्नु आवश्यक देखिन्छ ( अधिकारी, २०७२ पृ.५१) पाठमा सरल भन्दा संयुक्त र मिश्र वाक्यको प्रयोग, प्रत्यक्ष भन्दा अप्रत्यक्ष कथनको बढी प्रयोग, त्यसैगरी व्याकरणिक भन्दा आलङ्कारिक संरचनाको प्रयोग भएमा पनि र असमापिका क्रियापदको बढी प्रयोग भएमा त्यसले थप कठिन बनाउँछ । तसर्थ वाक्य संरचना छनौट गर्दा सरल, सहज, सुबोध खालका वाक्य भाषा पाठ्यपुस्तकमा अपेक्षित हुन्छन । निम्नमाध्यमिक तहको अघिल्ला कक्षामा १०-१२ शब्द सम्मका सरल संरचनाका वाक्य प्रयोग गर्नुपर्दछ र माध्यमिक तह सम्म आइपुग्दा मध्यम स्तरको वाक्य संरचना प्रयोग गर्न सकिन्छ (ऐः २०७२ :पृ ५१)

*'आन्तरिक पर्यटन' (संवाद) को संरचनागत अध्ययन*

प्रस्तुत शीर्षक दुई शब्दहरूले निर्माण भएको छ । पुस्तकको चौथो पाठमा राखिएको यस पाठमा जम्मा ११ जना वक्ताहरूको सहभागिता रहेको छ । यसपाठमा लामाछोटा गरी जम्मा ९९ वाटा वाक्यहरू रहेका छन् । ४/५ वटा वाक्यले बनेका अनुच्छेद जम्मा तीनवटा मात्र रहेको यस पाठमा ४ वटा शब्द देखि लिएर २६ वटा शब्दले निर्मित वाक्यहरू रहेका छन् ।

भाषा पाठ्यपुस्तक निर्माण गर्ने आधार अन्तर्गत पर्ने संरचनाको नियन्त्रणमा उल्लेख भए बमोजिम यस पाठमा कक्षाको स्तर अनुरूप अधिकांश वाक्यहरू सरल रहेका छन् भने आवश्यक भए अनुसार कुनै कुनै ठाउँमा ३/४ शब्दका सामान्य वाक्यहरू संयोजकले जोडिएका छन् । यस पाठमा ठाउँका नामहरूबढी आएकाले कुनै कुनै वाक्य कक्षाको तह भन्दा अधिक लामा पनि देखिन्छन् तर पढ्दा बुझ्न सकिने प्रकृतिका रहेका छन् । जम्मा ५३४ वटा शब्द सङ्ख्या रहेको यस पाठमा १४ आगन्तुक, ५३ तत्सम र ५५ तत्भव शब्दको प्रयोग गरिएको छ । तत्सम र आगन्तुक शब्दको सङ्ख्या क्रमशः ५३ र १४ भए पनि विद्यार्थीले सुनी राखेका शब्द भएकाले यी शब्द बोधगम्य प्रकृतिका रहेका छन् । यस प्रकार विद्यार्थीको तह, स्तर आदिलाई ख्याल गरी प्रयोग गरिएका यस

पाठका अनुच्छेद, वाक्य र शब्द तथा सिङ्गै पाठको संरचना उपयुक्त देखिन्छ । एउटा वाक्यले एउटा मात्र धारणा प्रस्तुत गर्नु पर्ने भन्ने भनाइका आधारमा विश्लेषण गर्दा यस पाठमा १/२ ठाँउमा एक भन्दा बढी धारणा बोकेका वाक्यको प्रयोग गरिएका छन् जुन विद्यार्थीको स्तर अनुरूप उपयुक्त मानिदैन ।

**'उद्योगलाई भन्दा कृषिलाई जोड' (वादविवाद) को संरचनागत अध्ययन**

वर्तमान सन्दर्भमा प्रयोग प्रचलनमा रहेका ४ शब्दहरू द्वारा निर्मित यस वादविवाद पाठमा ६५९ वटा शब्द सङ्ख्या रहेका छन् । यस पाठमा ११ वटा वाक्यले निर्मित अनुच्छेद रहेका छन् भने यस पाठको पुरै संरचनामा १५१ वटा वाक्यहरू रहेका छन् । यस पुस्तकको ११ औं पाठमा रहेको यस वादविवादमा भाषा पाठ्यपुस्तक निर्माण गर्दा मान्नु पर्ने आधारअनुसार संरचनाको नियन्त्रण गर्दा स्तर अनुरूप शब्दहरूलाई लामालामा वाक्यमा उनेर प्रस्तुत गर्न नहुने, सरल, सहज, र कम बोझिला वाक्यको सङ्ख्यामा प्राथमिकता दिनु पर्ने, एउटा वाक्यले एउटा मात्र धारणा दिने वाक्यको प्रयोग गर्नु पर्ने, आलङ्कारिक भन्दा व्याकरणिक संरचना प्रयोग गर्नु पर्ने, संयुक्त र मिश्र वाक्यको तुलनामा सरल वाक्यको बढी प्रयोग गरिनु पर्ने, यस कक्षाका लागि १०-१२ वटा शब्दले निर्मित वाक्यको प्रयोग गरिनुपर्ने देखिन्छ । उपर्युक्त आधारबाट यस पाठको विश्लेषण गर्दा १२-१५ वटा शब्दले निर्माण गरेका वाक्य पाइयो । त्यसैगरी र, तर जस्ता संयोजकहरूले जोडेका वाक्यहरू७ वटासम्म पाइयो । सरल वाक्यहरूको प्रयोगमा प्राथमिकता दिइएको यस पाठमा व्याकरणिक संरचनाको प्रयोग गरिएको छ । तत्सम र आगन्तुक शब्द सङ्ख्या क्रमश ६४ र १६ रहेको यस वादविवादमा अरू ६७ वटा तत्भव शब्द प्रयोग भएका छन् । माथिका विभिन्न आधारहरूबाटसंरचनाको विश्लेषण गर्दा यो पाठ सम्पूर्ण पक्षबाट उपयुक्त देखिन्छ ।

**रूपक विधाको विषयवस्तुका आधारमा विश्लेषण**

***आन्तरिक पर्यटन' (संवाद) को विषयवस्तुको विश्लेषण***

विषयवस्तु कुनै पनि पाठको प्रमुख आधार हो । विभिन्न पक्षका सानातिना तर महत्त्वपूर्ण घटना र तिनका विषय नै विषयवस्तु अन्तर्गत पर्छन् । रूपकको विषय जस्तोसुकै हुन सक्छ तर बढी पक्षहरूलाई समेटिएको विषयवस्तुलाई मात्र उपयुक्त भने मान्न सकिदैन । यसरी जुन विषयवस्तुले विद्यार्थीहरूको मानेविज्ञान, स्तर, क्षमता आदि पक्षलाई सेट्न सक्दछ  त्यस्ता प्रकारका विषयवस्तुलाई नै उपयुक्त विषयवस्तु मान्ने गरिन्छ ।

कक्षा ७ को भाषापाठ्यपुस्तकमा समावेश गरिएकारूपक विधाका पाठहरू मध्ये 'आन्तरिक पर्यटन' ( संवाद) एक हो । विद्यार्थीको स्तर अनुरूप छोटो शीर्षक रहेको यो पाठ बुझ्नका लागि सहज रहेको छ ।११ जना वक्ताहरू बीच चलाइएको यो संवाद आफ्नै देश भित्रका मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा घुम्न जाने विषयसँग सम्बद्ध रहेको छ । कक्षा ७ को स्तरका विद्यार्थीहरूको मनोविज्ञानलाई समेत ख्याल गरी छनौट गरिएको यस विषयवस्तुले आफ्नौ देश भित्रका भौगोलिक, ऐतिहासिक, सांस्कृतिक, पौराणिक महत्त्व  बोकेका ठाउँहरूका बारेमा ज्ञान प्रदान गरेको छ । ११ जना वक्त रहेको यस पाठमा विद्यार्थी केन्द्रित विधिद्वारा उनीहरू बीचमै संवाद गराई अधिकांश विद्यार्थीहरूलाई समेट्न सकिन्छ । जसबाट उनीहरूको सुनाइ, बोलाइ तथा पढाइ सीपको एकै पटक विकास हुन सक्दछ । प्राकृतिक सँगसँगै धार्मिक ऐतिहासिक, सांस्कृतिक धरोहरको रूपमा नेपाललाई चिनिन्छ । नेपाल जैविक विविधतामा धनी देश हो । जहाँ विभिन्न जीवजन्तु तथा वनस्पतिहरू पाइन्छ । जसले नेपालको आन्तरिक सँगसँगै बाह्य्य पर्यटनको सम्भावनालाई प्रस्फुटन गरेको छ । यिनै वस्तुहरूको प्रधानतामा नेपालमा आन्तरिक पर्यटनको प्रचुर सम्भावना रहेको कुरालाई यस पाठले प्रष्ट्याउन खोजेकोले यो विषयवस्तु उपयुक्त देखिन्छ । 'आन्तरिक' भन्नाले भित्री र 'पर्यटन' भन्नाले एक ठाउँबाट अर्को ठाउँ घुम्न जाने मान्छे भन्ने सामान्य अर्थ बोकेको यो पाठको शीर्षक नै विद्यार्थीहरूका निम्ति बोधगम्य प्रकृतिको रहेको छ । यसै शीर्षकमा केन्द्रित रहेर अघि बढेको यस पाठको विषयवस्तु पनि विद्यार्थीहरूले बुझ्न सक्ने रहेको छ ।

*उद्योगलाई भन्दा कृषिलाई जोड' (वादविवाद) को विषयवस्तुको विश्लेषण*

कक्षा ७ को भाषा पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका दुईवटा पाठहरू मध्ये दोस्रो पाठ 'उद्योगलाई भन्दा कृषिलाई जोड'(वादविवाद) हो । जसमा चारजना वक्ताहरूको सहभागिता रहेको छ । वादविवाद भन्ने वित्तिकै पक्ष र विपक्षको कुरा आउने गर्दछ । जसअनुसार यस वादविवादमा दुई जना वक्ताले पक्षमा र दुईजनाले विपक्षमा बोलेका छन् ।

उद्योग र कृषि समाज तथा देश विकासका लागि अति आवश्यक पर्ने कुरा हुन् । नेपाल एउटा कृषिप्रधान देश हो । यहाँका अधिकांश मानिसहरू कृषि पेशामा निर्भर छन् । समय सन्दर्भ अनुसार उद्योग र कृषि दुवैको कुरा उठाइएको यो पाठ उचित देखिन्छ । हाम्रो देशका धेरै जसो विद्यार्थीहरूका अभिभावक कृषिमा आधारित छन् । यस्तो परिस्थितिमा उनीहरू परिवार तथा अभिभावकको संसर्गमा रहेर कृषिका बारेमा थोरै धेरै जनानकारी प्राप्त गरेका हुन सक्दछन् भने

उद्योगका बारेमा थोरैले मात्र ज्ञान प्राप्त गरेका हुन सक्छन् । यस्तो परिस्थितिमा कृषि सँगसँगै उद्योगको बारेमा जानकारी प्रदान गर्न राखिएको यो विषयवस्तु उपयुक्त रहेको देखिन्छ यस पाठबाट विद्यार्थीहरूको सुनाइ, बोलाइ, तथा अभिनय प्रस्तुतिको पनि विकास हुने देखिन्छ । आजको वैज्ञानिक युगलाई प्रधानता दिनका लागि तथा देशको आर्थिक विकासका लागि औद्योगिक ज्ञान विद्यार्थीहरूलाई प्रदान गर्न खोज्ने यो विषयवस्तुलाई महत्त्वपूर्ण मान्न सकिन्छ तर कक्षा ७ का विद्यार्थीहरू १२ /१३ वर्षको उमेरका हुने गर्दछन । यतिकै उमेरमा उनीहरूमा उद्योग सम्बन्धी तर्क गर्न सक्ने क्षमता विकास भइसकेको हुदैन । यस प्रकार विद्यार्थीहरूको उमेर, क्षमता तथा मनोविज्ञानका आधारबाट विश्लेषण गर्ने हो भने यो विषयवस्तुलाई उपयुक्त मान्न सकिदैन ।

**पाठ्यक्रमका उद्देश्य अनुरूपताका आधारमा कक्षा ७ को भाषा पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको विश्लेषण**

पाठ्यक्रम सम्बन्धित तहको शैक्षिक कार्यकलापको योजना हो । कुनै पनि तहको पाठ्यपुस्तक त्यस तहको पाठ्यक्रमको आधारमा निर्माण गरिन्छ । यसै कारण पाठ्यक्रमलाई शिक्षण प्रक्रियाको मुटु मान्ने गरिन्छ । पाठ्यक्रमले निर्धारण गरेका विधा, क्षेत्र र उद्देश्यलाई पूर्ति गर्ने गरी पाठ्यपुस्तकमा पाठहरू समावेश गरिएका हुन्छन् । विद्यालय तहको प्रारम्भिक कक्षादेखि अनिवार्य रूपमा पठनपाठन हुने नेपाली विषयलाई प्रभावकारी एवम् व्यावहारिक ढङ्गले सिकाइ गर्नु आवश्यक देखिन्छ । यस विषयलाई अनिवार्य विषयका रूपमा अध्ययन अध्यापन गर्नुको उद्देश्य नेपाली भाषामा भाषिक सीपको विकास गराउनु हो । विभिन्न विधाका रचनाका माध्यमबाट भाषिक सीप र सिर्जनात्मक क्षमताको विकास गर्नु नै नेपाली भाषा अध्यापनको मुख्य उद्देश्य हो (आधारभूत शिक्षा पाठ्यक्रम, २०७०: १) । यस आधारबाट भाषा पाठ्यपुस्तकमा समाविष्ट पाठहरूले पाठ्यक्रमको उद्देश्य पूर्ति गर्न सक्छन् सक्दैनन् भनी अध्ययन गर्नु आवश्यक ठानिन्छ । पाठ्ययक्रम एउटा लक्ष्य हो भने पाठ्यपुस्तक त्यस लक्ष्यसम्म पुर्‍याउने मार्ग हो । त्यसकारण पाठ्यक्रमको उद्देश्य अनुसार पाठ्यपुस्तकमा पाठहरू राखे मात्र विद्यार्थीहरूले पाठ्यक्रमको लक्ष्य चुम्न सक्दछन् । त्यसैले पाठ्यपुस्तकमा प्रस्तुत हुने पाठहरू पाठ्यक्रम अनुरूप हुनुपर्दछ ।

*पाठ्याक्रमको उद्देश्य*

पाठ्यक्रमका अङ्गहरू मध्ये महत्त्वपूर्ण अङ्ग उद्देश्यलाई मानिन्छ । उद्देश्य भन्नाले कुनै पनि कार्य के कति र कसरी गर्ने भन्ने कुराको योजना हो । कुनै पनि तहको पाठ्पुस्तक शिक्षण गर्दा के कसरी कति सिकाउने भनी पाठ्यक्रमले तोकेका उद्देश्यहरूका आधारमा गर्नुपर्दछ ।

नेपाली भाषाको प्रचलित पाठ्यक्रममा उद्देश्यलाई तहगत र कक्षागत रूपमा प्रस्तुत गरिएको छ । तहगत उद्देश्य भन्नाले कुनै खास तहमा सम्बन्धित विषयमा के कति दक्षता हासिल गराउने भन्ने कुरा जनाउँछ र कक्षागत उद्देश्यले उक्त कक्षाको अन्त्यमा सम्बन्धित विषयमा हासिल हुने सिकाइ उपलब्धिलाई जनाउँछ । यस तहको पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू मध्ये तहगत उद्देश्यलाई एकै ठाउँमा दिइएको छ भने कक्षागत उद्देश्यलाई सुनाइ र बोलाइ एक ठाउँमा, पढाइलाई एक ठाउँमा र लेखाइलाई एक ठाउँमा गरी अलग-अलग रूपमा दिइएका छ । यसबाट के कुरा स्पष्ट हुन्छ भने भाषा पाठ्यक्रमको उद्देश्य कुनै एक सीपमा मात्र दक्ष बनाउनु नभएर भाषाका चारै सीपमा दक्ष बनाउनु रहेको छ ।

निम्न माध्यमिक तहको कक्षा७ का लागि तोकिएका उद्देश्यहरूलाई चर्चा गर्दा सुनाइ र बोलाइ सीप विकासका लागि ११ वटा उद्देश्यहरू रहेकाछन् । त्यस्तै पढाइ सीप विकासका लागि ८ वटा उद्देश्य राखिएका छन र लेखाइ सीप विकासका लागि १३ वटा उद्देश्य राखिएका छन् । यी उद्देश्यहरू कक्षा ७ को भाषा पाठ्यपुस्तकमा समाविष्ट विभिन्न विधाहरूका लागि तयार गरिएको भएता पनि यहाँ रूपक विधाका लागि निर्धारित उद्देश्यहरूलाई केलाइएको छ ।

पाठ्यक्रमले तोकेका उद्देश्यहरूलाई निम्न प्रकारले राखिइको छ :(आधारभूत शिक्षापाठ्यक्रम, २०७०: ३)

*क. सुनाइ र बोलाइ*

१. शब्दहरूमा प्रयुक्त उच्चार्य वर्णहरूको भिन्नता पहिल्याई शब्द उच्चारण गर्न,

२. सुनेका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,

३. अरुले वर्णन गरेका कुराहरू सुनी आफ्नो शब्दमा व्यक्त गर्न,

४. सञ्चार माध्यमका सूचनाहरू सुन्न र भन्न,

५. सामान्य मौखिक वर्णनहरू सुनी मुख्य मुख्य कुरा बताउन,

६. साहित्यिक विधाका पाठहरू सुनेर सो सम्बन्धी प्रतिक्रिया जनाउन,

७. स्तर अनुसारका मौखिक अभिव्यक्तिहरू(कुराकानी, प्रश्नोतर, संवाद, वादविवाद, छलपफल)ध्यानपूर्वक सुनी तिनमा भाग लिन,

८. आफूले देखे सुनेका, अनुभव गरेका घटना, वस्तु तथा वातावरणका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न,

९. हाउभाउ मिलाई उपयुक्त ढङ्गले,

१०. मौखिक अभिव्यक्तिहरू सुन्ने क्रममा प्रयुक्त हाउभाउ र अभिनयमा ध्यान दिन

११. वक्ताको अभिव्यक्ति सुनी भाषिक मौलिकता पहिचान गर्न ।

### *ख. पढाइ*

१. लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न,

२.विभिन्न पाठहरू पढी तिनका मुख्य मुख्य कुराहरू बनाउन ,

३. विभिन्न प्रयोजनका लागि लिखित सामग्रीहरूको मौन वाचन गर्न,

४. विभिन्न प्रयोजनका लागि कथा, कविता, प्रबन्ध र जीवनीका पाठहरू पढ्न,

५. विभिन्न स्रोतका सामग्रीबाट शब्दभण्डारको वृद्धि गर्न,

६. पढेका पाठका शब्दहरूको उपयुक्त प्रयोग गर्नु,

७. पाठमा प्रयुक्त उखान टुक्काहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्नु,

८. विभिन्न मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढ्न ।

### *ग. लेखाइ*

१. हिज्जे र वाक्य गठन मिलाई सफा र शुद्ध सँग लेख्न,

२. लेख्य चिह्नहरूको उपयुक्त प्रयोग गर्न,

३. सफा र स्पष्टसँग लेख्न र लेखका कुरा दोहोऱ्याई सच्याउँन,

४. शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न,

५. आफूले देखेका, सुनेका, अनुभव गरेका बस्तु, घटना तथा वातावरणका विषयमा लिखित वर्णन गर्नु,

६. सुनेका र पढेका विषयवस्तुको सार लेख्न,

७. अनुच्छेद, चिठी, निवेदन, कथा, प्रवन्ध, जीवनी र वाद विवाद सिलसिला मिलाई लेख्न,

८. आफ्नो रुचि अनुसारका विषयमा मौलिक रचना गर्न,

९. शब्दहरूलाई लिखित रूपमा उपयुक्त ढङ्गले प्रयोग गर्न,

१०. विशिष्ट अंशहरूको भाव विस्तार/व्याख्या गर्न,

११. व्याकरणसम्मत वाक्य रचना गर्न

१२. पाठमा प्रस्तुत उखान टुक्काहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न,

१३. परियोजना कार्यको माध्यमले भाषिक समस्या समाधान गर्न, (आधारभूत शिक्षापाठ्यक्रम, २०७०: ३)

यसरी माथि निर्धारित उद्देश्यहरू पाठ्यक्रमले कक्षा ७ को भाषा पाठ्यपुस्तकका लागि निर्धारण गरको भए पनि रूपक विधासँग मात्र सम्बन्धित उद्देश्यहरू निम्न छन :

*क सुनाइ र बोलाइ*

१. स्तर अनुसारका मौखिक अभिव्यक्तिहरू (कुराकानी, प्रश्नोत्तर संवाद, वादविवाद, छलफल) ध्यानपूर्वक सुनी तिनमा भाग लिन,

२. आफूले देखेसुनेको, अनुभव गरेका घटना, वस्तु तथा वातावरणका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न,

३. मौखिक अभिव्याक्तिहरू सुन्ने क्रममा प्रयुक्त हाउभाउ र अभिनयमा ध्यान दिन

४. हाउभाउ मिलाई उपयुक्त ढङ्गले बोल्न ।

*ख. पढाइ*

१. विभिन्न स्रोतका सामग्रीबाट शब्द भण्डारको बृद्धि गर्न,

२. पढेका पाठका शब्दहरूको उपयुक्त प्रयोग गर्न,

३. विभिन्न मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढ्न ।

*ग. लेखाइ*

१. आफूले देखेका, सुनेका अनुभव गरेका वस्तु घटना तथा वातावरणका विषयमा लिखित वर्णन गर्न,

२.आफ्नो रुचि अनुसारका विषयमा मौलिक रचना गर्न,

रूपक विधासँग सम्बन्धित माथि उल्लेखित उद्देश्यहरूका अनुरूपतामा पाठ्यपुस्तकमा समावेश गरिएका रूपक विधा उचित देखिन्छन् । सुनाइ र बोलाइ सीपका उद्देश्यअनुसार अरुले कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवादहरूमा गरेको अभिव्यक्ति सुनी आफूपनि त्यस्ता कार्यक्रममा भाग लिने, आफूले देखे सुनेका, अनुभव गरेका घटना, वस्तु तथा वातावरणका विषयमा सिलसिला मिलाई मौखिक बर्णन गर्ने, मौखिक अभिव्यक्ति सुन्ने क्रममा प्रयुक्त हाउभाउ र अभिनयमा ध्यान दिनु रहेका देखिन्छन् । यी उद्देश्यहरूले पुस्तकमा समाविष्ट संवाद तथा वादविवाद पाठको मर्मलाई समेटेको पाइन्छ । संवाद तथा वादविवाद यी दुवै पक्षको विकासमा विद्यार्थीहरूले अरूका अभिव्यक्ति सुनेर, अरुका बोल्ने शैली, हाउभाउ अवलोकन गरी त्यसैअनुसार आफ्ना भावना, आफूले देखेका, सुनेका, भोगेका कुराहरूको अभिव्यक्ति दिनु पर्ने हुन्छ । त्यसैकारण रूपक विधा अन्तर्गतका जुन पाठहरू पाठ्यपुस्तकमा समावेश गरिएका छन् ती पाठहरूमा विद्यार्थीको सुनाइ र बोलाइ सीप क्षमता विकासका लागि निर्धारित उद्देश्य उचित देखिन्छन् ।

पढाइ सीप विकासका लागि पाठ्यक्रमले ८ वटा उद्देश्यहरू निर्धारण गरेको भएतापनि रूपक विधासँग सम्बन्धित उद्देश्यहरू तीनवटा रहेका छन् । उद्देश्यअनुसार विभिन्न स्रोतका सामग्री शब्दभण्डारको वृद्धि गर्न, पढेका पाठका शब्दहरूको उपयुक्त प्रयोग गर्न, विभिन्न मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढ्न सक्नु यस कक्षाका रूपक विधासँग मिल्दा उद्देश्यहरू हुन् । यस कक्षाको पाठ्यपुस्तकमा समाविष्ट संवाद र वादविवादका लागि विद्यार्थीहरूलाई धेरै कुरा जान्नु पर्ने हुन्छ जसका लागि विभिन्न स्रोतका सामग्रीको अध्ययन गरी शब्दभण्डारको विकास गर्नु पर्ने आवश्यकता देखिन्छ । जसले गर्दा विद्यार्थीहरूले जस्तोसुकै अवस्था र परिस्थितिमा पनि आफ्ना तर्क दिन सक्ने बानीको विकास हुने गर्दछ । विभिन्न स्रोतसँगै अन्य मुद्रित तथा विद्युतीय सामग्री ( पत्रपत्रिका आदि) को रुचिपूर्वक अध्ययन गरी विभिन्न विषयवस्तु सम्बन्धी जानकारी प्राप्त गरेर आफ्नो अभिव्यक्ति क्षमताको विकास गर्ने सक्ने कुरालाई यी उद्देश्उहरूले समेटेकाले निर्धारित उद्देश्यलाई उपयुक्त मान्न सकिन्छ ।

भाषा पाठ्यक्रमले भाषाका चारै सीप विकासका उद्देश्यलाई निर्धारण गर्ने क्रममा लेखाइ सीप विकासका उद्देश्य अन्तर्गत १३ वटा उद्देश्यहरू उल्लेख गरेको छ । जसमा रूपक विधासँग सम्बन्धित उद्देश्यहरूमा आफूले देखे सुनेका, अनुभव गरेका वस्तु, घटना तथा वातावरणका विषयमा लिखित वर्णन गर्न रआफ्नो रूचिअनुसार विषयमा मौलिक रचना गर्न सक्षम बनाउने रहेका छन् ।

यस कक्षाको पाठ्यपुस्तकमा समाविष्ट संवाद र वादविवाद पाठ आफूले देखे सुनेका, भोगेका, अनुभव गरेका वस्तु, घटना तथा वातावारणलाई नै सिलसिलाबद्ध रूपमा वर्णन विश्लेषण गर्नु पर्ने किसिमका रहेका छन् । त्यस्तै आफूभित्र रहेका क्षमता, ज्ञानका आधारमा आफ्नो रुचिको विषयमा मौलिक रचना गर्न सक्ने तथा तर्क गर्ने क्षमताको विकास यी पाठहरूले गर्ने उद्देश्य राखेकाले उपर्युक्त उद्देश्य प्राप्तिका लागि यी पाठ उचित र उपयुक्त देखिन्छन् ।

**रूपक पाठका सबल र दुर्बल पक्षको विश्लेषण**

*'आन्तरिक पर्यटन' (संवाद) का सबल पक्ष*

क. प्रयोग प्रचलनमा आइरहेका शब्दद्वारा बनाइएको यस पाठको शीर्षक दुई शब्दको भएपनि यसले धेरै कुरा सम्बन्धी जानकारी (नेपालका ऐतिहासिक, सांस्कृतिक, भौगोलिक तथा पौराणिक महत्त्व  बोकेका ठाउँ) प्रदान गरेको छ ।

ख. कक्षा ७ भनेको आधारभूत तहको तल्लो कक्षा हो । यस कक्षामा रहेका विद्यार्थीमा व्याकरणका बारेमा समान्य जानकारी हुने गर्दछ । जस अनुरूप यस पाठमा विद्यार्थीको पूर्व ज्ञानलाई आधार मानी नाम, सर्वनाम, विशेषण र क्रियापदको सङ्ख्या नै बढी राखिएको छ, जहाँ नामयोगी, क्रियायोगी जस्ता शब्दलाई न्युनरूपमा प्रयोग गरिएको छ ।

ग. समय सन्दर्भ तथा युग सापेक्ष विषयवस्तु रहेको यस पाठले विद्यार्थीहरूमा देशको आर्थिक विकासमा सघाउ पुऱ्याउने पर्यटकीय स्थलहरूका बारेमा ज्ञान प्रदान गरेको छ ।

*दुर्वल पक्ष*

प्रस्तुत पाठमा प्रयुक्त नाम शब्द विद्यार्थीहरूमा असहजता र अन्योलता उत्पन्न गराउने खालका रहेका छ । ठुलै कक्षाका विद्यार्थीहरूलाई पनि पढ्न र उच्चारण गर्न कठिन हुने ठाँउका नामहरू ( मल्लिकार्जुन, त्रिपुरासुन्दरी, शैलेश्वरी आदि) राखिएका छन् ती शब्दहरू पढ्न तथा शुद्ध उच्चारण गर्न कक्षा ७ का विद्यार्थीलाई त झन् कठिनाई उत्पन्न हुन सक्छ ।

*'उद्योगलाई भन्दा कृषिलाई जोड' (वादविवाद) को सबल पक्ष*

क. यस पाठले भाषा पाठ्यपुस्तक निर्माणका आधारहरूलाई अनुसरण गर्दै सरल वाक्यलाई विशेष प्राथमिकता दिएको छ । व्याकरणिक संरचनालाई जोड दिइएको यस पाठमा निरपेक्ष संयोजकले जोडेका वाक्यहरूलाई प्रधानता दिइएको छ ।

ख. नाम, सर्वनाम, विशेषण, क्रियापद जस्ता शब्दहरू यस पाठमा विशेष रूपमा प्रयोग भएका छन् । जसले गर्दा विद्यार्थीहरूमा ग्रहण र अभिव्यक्ति क्षमता अर्थात सुनाइ र बोलाइ सीप विकासमा सहयोग पुग्ने देखिन्छ ।

*दुर्बल पक्ष*

समय सन्दर्भ र युगको अपेक्षानुरूप चयन गरिएको यस पाठको विषयवस्तु कक्षा ७ का विद्यार्थीका लागि उपयुक्त छैन । नेपाली विद्यार्थीहरूमा कृषिका बारेमा केही ज्ञान भए पनि उद्योगका बारे उनीहरूमा त्यति ज्ञान नहुन सक्दछ । त्यस कारण उद्योगको पक्षमा तर्क गर्न कठिन हुन सक्दछ ।

**सुझावहरू**

क. 'आन्तरिक पर्यटन' संवादमा प्रयुक्त नाम शब्द कक्षा ७ का विद्यार्थीहरूका लागि उच्चारण गरी पढ्न कठिन प्रकृतिका देखिन्छन् । ती ठाँउका नाम शब्द मध्येका सरल शब्द जति राखी अन्य कठिन शब्दलाई मा.वि.तहका कक्षामा लागि समेट्न सक्दा उचित देखिन्थ्यो ।

ख. 'उद्योगलाई भन्दा कृषिलाई जोड' वादविवादको शीर्षक युग सापेक्ष रहे पनि यो शीर्षक तथा विषयवस्तुले विद्यार्थीको रुचि, क्षमता स्तर र पूर्व ज्ञानलाई ध्यान नदिएको देखिन्छ । यसै कारण उद्योग, शब्दका ठाउँमा अन्य कुनै विद्यार्थीले तर्क गर्न सक्ने, उनीहरूमा भएको पूर्वज्ञानलाई समेट्न सक्ने शब्द राख्नु उपयुक्त देखिन्छ ।

**प्राप्ति तथा सारांश**

***प्राप्ति***

कक्षा ७ को भाषापाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको विभिन्न पक्षबाट अध्ययन विश्लेषण गरिएको यस शोधका प्राप्ति पक्षहरू निम्नानुसार अनुच्छेदमा प्रस्तुत गरिएका छन् :

भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमले तोकेका उद्देश्यहरू प्राप्तिका लागि विभिन्न विधा तथा उपविधाहरूलाई समेटिएको हुन्छ । जस्तासुकै विधाका पाठहरू समेटिएका भएपनि ती पाठहरूमा विभिन्न प्रकारका शब्दावलीहरू रहेका हुन्छन् । यही पक्षलाई आधार मानेर कक्षा ७ को रूपक विधाको अधययन गरिएको छ । यस शोधमा उक्त कक्षाका रूपक विधामा प्रयुक्त शब्दहरूलाई वर्गका आधारबाट, बनोटका आधारबाट र स्रोतका आधारबाट अध्ययन गरिएको छ । जहाँ 'आन्तरिक

पर्यटन' (संवादमा आवृति गणना नगरी) विकारी वर्ग अन्तर्गत नाम शब्दहरू १६६ वटा रहेका छन् । त्यस्तै क्रमशः सर्वनाम शब्दहरू ३३ विशेषण ५९ र क्रियापदको शब्द सङ्ख्या ४१ रहेको छ । त्यस्तै अविकारी वर्ग अन्तर्गत (आवृत्ति गणना नगरी) नामयोगीको ५ क्रियायोगीको १० संयोजको ८ निपातको ७ र विस्मयादिबोधकको ८ शब्द सङ्ख्या रहेको छ । बनोटका आधारबाट विश्लेषण गर्दा मूल शब्दको सङ्ख्या७३रहेको छ भने व्युत्पन्न शब्दको सङ्ख्या१३ रहेको छ । त्यसै गरी स्रोतका आधारबाट विश्लेषण गर्दा यस पाठमा तत्सम शब्दको सङ्ख्या ५३, तत्भव शब्दको सङ्ख्या ५५ र आगन्तुक शब्दको सङ्ख्या १४ रहेको छ ।

रूपक विधाको दोस्रो पाठ 'उद्योगलाई भन्दा कृषिलाई जोड' वादविवादमा प्रयुक्त शब्दहरूको अध्ययन विश्लेषण गर्दा विकारी वर्ग अन्तर्ग नामको शब्द सङ्ख्या ५७ सर्वनामको शब्द सङ्ख्या -१८ विशेषणको शब्द सङ्ख्या -४६ र क्रियापदको शब्द सङ्ख्या ४५ रहेको छ । त्यस्तै अविकारी वर्ग अन्तर्गत नामयोगीको शब्द सङ्ख्या-९, क्रियायोगीको शब्द सङ्ख्या७, संयोजकको शब्द सङ्ख्या-१९, निपातको शब्द सङ्ख्या-४ रहेको छ भने विस्मयादिबोधकको कुनै पनि शब्द आएका छैनन् । बनोटका आधारबाट विश्लेषण गर्दा मूल शब्दको सङ्ख्या ४७ र व्युत्पन्न शब्दको सङ्ख्या २८ रहेको छ । त्यसैगरी स्रोतका आधारबाट यस पाठको शब्दभण्डारको विश्लेषण गर्दा तत्सम शब्दको सङ्ख्या-६४ तत्भव शब्दको सङ्ख्या-६७ र आगन्तुक शब्दको सङ्ख्या १६रहेको छ । यी कुनै शब्दको पनि आवृति गणना गरिएको छैन ।

यस कक्षामा समाविष्ट संवाद र वादविवाद मध्ये संवाद एउटै देशका मानिसहरू उही देशका विभिन्न ठाउँहरूमा घुम्न जाने विषयवस्तुलाई उठाइएको छ । प्रस्तुत विषयसँग सम्वन्धित यस पाठले नेपालमा सांस्कृतिक, धार्मिक, ऐतिहासिक, भौगोलिक, पौराणिक महत्त्व  बोकेका जति पनि ठाउँहरू छन् ती सबै ठाउँहरूको महत्त्व  विस्तार गरेको छ । विद्यार्थीहरूको स्तरलाई ख्याल गरी सरल प्रकारको शीर्षक राखी सामान्य ढङ्गले विभिन्न ठाउँहरूको महत्त्व को चर्चा यस पाठमा गरिएको छ । त्यस्तै प्रकारले रूपक विधाको दोस्रो पाठ 'उद्योगलाई भन्दा कृषिलाई जोड' वादविवाद रहेको छ । यस पाठले विद्यार्थीहरूको पूर्व ज्ञानलाई आधारमानी नयाँ ज्ञान सिकाउन सफल देखिन्छ । कृषिका बारेमा विद्यार्थीहरूमा पूवज्ञान हुने उद्योगका बारेमा नयाँ ज्ञान प्रदान गर्ने अपेक्षा स्वरूप समावेश गरिएको यस पाठले आजको वैज्ञानिक युगको महत्त्व  समेत झल्काएको छ।

कक्षा ७ को भाषा पाठ्यपुस्तकमा समाविष्ट रूपक पाठहरू मध्ये 'आन्तरिक पर्यटन' (संवाद) को शीर्षक दुई शब्दले निर्माण गरी ११ जना वक्ता राखिएको छ । भाषा पाठ्यपुस्तक निर्माणका आधारहरूलाई ख्याल गर्दै यसका अधिकांश वाक्यहरू छोटा छोटा रहेका र केही वाक्य र, तर जस्ता संयोजकले जोडेर प्रस्तुत गरिएका छन् । जम्मा ५३४ वटा शब्द सङ्ख्या रहेको यस पाठमा विकारी वर्ग अन्तर्गत पर्ने नाम शब्दको सङ्ख्या बढी रहेको छ । रूपक विधाको दोस्रो पाठ 'उद्योगलाई भन्दा कृषिलाई जोड' (वादविवाद) को शीर्षक ४ शब्दको रहेको छ । यी शब्दहरूलाई 'लाई' विभक्तिले जोडेको छ । यस पाठमा पनि भाषा पाठ्यपुस्तक निर्माणका आधारहरूलाई दृष्टिगत गर्दै सरल र सकेसम्म छोटा प्रकृतिका वाक्यहरूको प्रयोग गरिएको छ । जम्मा गरी ४२६ वटा शब्द रहेका छन् । जसमा नाम शब्दको सङ्ख्या बढी देखिन्छ ।

***सारांश***

कक्षा ७ को भाषा पाठ्यपुस्तकमा समावेश गरिएका रूपक विधाका दुईवाटा पाठहरूमा 'आन्तरिक पर्यटन' (संवाद) र 'उद्योगलाई भन्दा कृषिलाई जोड'(वादविवाद) रहेका छन् । जम्मा गरी रूपक विधा अन्तर्गत पर्ने दुई वटा मात्र पाठ यस कक्षाको पाठ्यपुस्तकमा समावेश गरिएको छ । देशको आर्थिक क्षेत्रको विकासको सम्भावना बोकेका यी पाठहरूमध्ये पहिलो पाठले नेपाल भित्र रहेका पर्यटकीय स्थलहरूको बारेमा ज्ञान प्रदान गरेको छ भने दोस्रो नेपालमा पेसाका रूपमा प्रमुख रहेको कृषिको महत्त्व झल्काउदै उद्योगकोमहत्त्व पनि प्रस्तुत गरेको छ । क्रमश ५३४ र ४२६ शब्दको प्रयोग भएका यी पाठहरूले पाठ्यपुस्तक निर्माणका आधारहरूलाई पछ्याउदै विद्यार्थीहरूको रुचि, स्तर तथा आवश्यकतालाई पनि ख्याल गरेका छन् । रूपक पाठ मध्ये पहिलो पाठ 'आन्तरिक पर्यटन' मा शब्दको सङ्ख्या २६६ र अविकारी वर्गका शब्दको सङ्ख्या ३८ रहको छ । त्यसैगरी मूल शब्दको सङ्ख्या र व्युत्पन्न शब्दको सङ्ख्या १३ क्रमशः तत्सम शब्द ५३, तत्भव ५५ र आगन्तुक १४ रहेका छन् । रूपक विधाको अर्को पाठ उद्योगलाई भन्दा कृषिलाई जोड वादविवादमा विकारी शब्द १६६, अविकारी शब्द ३९ रहेका छन् । यस पाठमा क्रमशः मूलशब्दको सङ्ख्या ४७, व्युत्पन्न शब्दको सङ्ख्या २८, तत्सम शब्द ६४, तत्भव ६७ र आगन्तुक शब्दको सङ्ख्या १६ रहेको छ ।

कक्षा ७ को भाषा पाठ्यपुस्तकको चौथो पाठमा रहेको आन्तरिक पर्यटन (संवाद) सरल प्रकृतिका दुई शब्दले निर्मित शीर्षक हो । जहाँ लामा छोटो गरी जम्मा ९९ वटा वाक्यहरू रहेका छन् । ४ वटा देखि २६ वटा शब्दले निर्माण भएका वाक्यहरूको प्रयोग गरिएको छ । प्रयोग प्रचलनमा रहेका

शब्दले निर्माण गरिएको यो शीर्षक विद्यार्थीहरूका लागि पनि बोधगम्य रहेको छ । यही शीर्षकमा केन्द्रित यो पाठले नेपाल भित्रका ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, पौराणिक महत्त्व  बोकेका ठाउँहरूका बारेमा विद्यार्थीहरूलाई ज्ञान प्रदान गरेको छ । आफ्नै देशका ठाउँहरूको महत्त्व को विश्लेषणमा केन्द्रित यो पाठको विषयवस्तु विद्यार्थीहरूको स्तर, उपयुक्त तथा उनीहरूका मनोविज्ञानका आधारबाट विश्लेषण गर्दा उपयुक्त देखिन्छ । धेरै ठाउँका नामहरूको बयान गर्ने क्रममा ४/५ वटा वाक्य कक्षाको स्तरभन्दा लामा देखिन्छ तर बुझ्नका लागि कठिन छैनन् । यस पाठमा आएका केही ठाउँका नाम विद्यार्थीको स्तर भन्दा उच्च देखिन्छन् । जुन विद्यार्थीहरूलाई उच्चारण गर्न तथा लेख्नमा कठिन हुन सक्दछन् ।

नेपालको पेसाको रूपमा रहेको कृषि र देशको आर्थिक विकासमा प्रमुख भूमिका खेल्ने उद्योग यी दुई शब्दलाई 'लाई' र 'भन्दा' विभक्ति र संयोजकले जोडी निर्माण भएको यो पाठमा विकारी शब्दको सङ्ख्या १६६ र अविकारी शब्दको सङ्ख्या ३९ रहेको छ । क्रमशः मूल शब्द ४७, व्युत्पन्न शब्द २८, तत्सम ६४, तत्भव ६७ र आगन्तुक शब्दको सङ्ख्या १६ वटा रहेका छन् । सबै गरी यस पाठमा ६५९ वटा शब्द सङ्ख्या रहेका छन् । यस पाठमा १५१ वटा वाक्यहरू रहेका छन् । जहाँ १२-१५ वटा शब्दले निर्माण भएका वाक्यहरू रहेका छन् । 'र', 'तर' जस्ता संयोजकले जोडेका वाक्यको सङ्ख्या ७ रहेको यस पाठमा सरल र व्याकरणिक संरचनाको प्रयोग गरिएको छ । विद्यार्थीहरूमा रहेको पूर्व ज्ञानका आधारबाट नयाँ ज्ञान बढाउन समावेश गरिएको यो पाठको विषयवस्तुले शिक्षार्थीको पूर्व ज्ञान, स्तर र रूचिलाई ध्यान दिइएको पाइदैन । यस पाठ वादविवाद भएकाले पक्ष र विपक्षमा तर्क गर्नु पर्ने हुन्छ । नेपाली विद्यार्थी त्यसमा पनि कक्षा ७ को विद्यार्थीको क्षमता अनुरूप यो पाठ चयन भएको छैन । कक्षा ७ का विद्यार्थीहरूले कृषिका बारेमा केही ज्ञान हाँसिल गरेका भए पनि उद्योगका बारेमा उनीहरू नौला हुन्छन् । यस्तो स्थितिमा यो विषयवस्तुमा तर्क गर्न उनीहरू असमर्थ हुने गर्दछन् । यसै कारण यो विषयवस्तु यो स्तरका विद्यार्थीहरूका लागि उपयुक्त छैन । भाषा पाठ्यक्रमले भाषाका चारवटै सीप विकासका लागि कक्षा ७ मा क्रमशः सुनाइ र बोलाइका लागि ११, पढाइका लागि ८ र लेखाइका लागि १३ वटा उद्देश्य रहेका छन् । जहाँ रूपक विधासँग मिल्दा जुल्दा उद्देश्यहरूमा सुनाइ र बोलाइमा ४, पढाइमा ३ र लेखाइमा २ वटा रहेका छन् । रूपक विधा अभिनय अभिव्यक्ति क्षमताको विकास गराउने विधा हो । यही पक्षलाई आधार मानेर पाठ्यक्रमले निर्माण गरेका उद्देश्य प्राप्तिका लागि भाषा पाठ्यपुस्तकमा समाविष्ट गरेका संवाद र वादविवाद अपर्याप्त देखिन्छन् साथै विद्यार्थीहरूको मनोविज्ञानलाई समेत आधार मानेर विश्लेषण गर्दा यो कक्षामा अन्य कुनै नाटक, एकाङ्की जस्ता पाठहरूलाई पनि स्थान दिनु आवश्यक देखिन्छ ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझाव

## निष्कर्ष

यो अध्ययन कक्षा ७ को भाषापाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको अध्ययनमा केन्द्रित रहेको छ । ७कक्षामा समावेश गरिएका विभिन्न पाठहरू मध्ये रूपक विधा अन्तर्गत पाठहरू २ वटा रहेका छन् । जसमा 'आन्तरिक पर्यटन' (संवाद) र 'उद्योगलाई भन्दा कृषिलाई जोड' (वादविवाद) रहेका छन् । यस अध्ययनमा यिनै दुई रूपक पाठहरूको शब्दभण्डार, संरचना, विषयवस्तुका आधारबाट अध्ययन विश्लेषण गरिएको छ । त्यस्तै पाठ्यक्रमले तोकेका उद्देश्य बमोजिम यी पाठ उपयुक्त छन् छैनन् भनी अध्ययन विश्लेषण गरी यी पाठका सबल तथा दुर्बल पक्षलाई केलाएर सुझावहरू प्रस्तुत गरिएको छ ।

आन्तरिक पर्यटन' पर्यटन संवादमा जम्मा गरी ५३४ वटा शब्दसङ्ख्या रहेका छन् । जसमा विकारी शब्दको सङ्ख्या २९९ रहेका छ । त्यस्तै अविकारी शब्दको सङ्ख्या ३८ रहेको छ । मूल शब्दको सङ्ख्या ६३ र व्युत्पन्न शब्दको सङ्ख्या १३ रहेको छ । त्यसैगरी तत्सम शब्दको सङ्ख्या ५३ तत्भम शब्दको सङ्ख्या ५५ र आगन्तुक शब्दको सङ्ख्या १४ रहेको छ । ५३४ वटा शब्द सङ्ख्या रहेको यस पाठमा ९९ वटा वाक्यहरू रहेका छन् । छोटा छाटा अनुच्छेद ५ वटा मात्र रहेको यस पाठमा ४ शब्द देखि २६ शब्दले निर्माण भएका वाक्यहरू रहेका छन् । कक्षाको स्तर अनुरूप अधिकांश वाक्यहरू सरल रहेका छन् । धेरै ठाउँका नामहरूको वर्णन भएकाले यस पाठमा ४ वटा वाक्यहरू कक्षाको तह भन्दा लामा लामा रहेका छन् । 'आन्तरिक पर्यटन' शीर्षकको अर्थ आफ्नै देशभित्र एक ठाउँबाट अर्के ठाउँमा घुम्न जाने भन्ने रहेको छ । विद्यार्थीहरूलाई बुझ्न सरल रहेको यो शीर्षक र यसले उठाएका विषयवस्तुले आफ्ना देशमा रहेका सांस्कृतिक, धार्मिक,ऐतिहासिक, भौगोलिक आदि महŒव  बोकेका ठाउँका बारेमा ज्ञान प्रदान गरेका छन् । सुनाइ बोलाइ, पढाइ जस्ता भाषिक सीपलाई एकैपटक शिक्षण गर्न सकिने यस पाठमा पाठ्यक्रमले तोकेका उद्देश्य मध्ये स्तर अनुसारका मौखिक अभिव्यक्तिहरू(कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, छलफल) ध्यानपूर्वक सुनी तिनमा भाग लिन, आफूले देखेसुनेका, अनुभव गरेका घटना, वस्तु तथा वातावरणका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न, हाउभाउ मिलाई उपयुक्त ढङगले बोल्न, विभिन्न स्रोतका सामग्रीबाट शब्दभण्डारको वृद्धि गर्न, पढेका पाठका शब्दहरूको उपयुक्त प्रयोग गर्न, विभिन्न मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढ्न आफूले देखेका सुनेका, अनुभव गरेको वस्तु, घटना तथा

वातावरणका विषयमा लिखित वर्णन गर्न, आफ्ना रुचि अनुसारका विषयमा मौलिक रचना गर्न जस्ता उद्देश्य रूपक विधा अन्तर्गत पर्ने र यी उद्देश्य पुरा गर्न यो पाठ उपयुक्त रहेको निष्कर्ष यस अध्ययनले निकालेको छ । उपर्युक्त सबैपक्षलाई केलाउँदा यस पाठमा वर्णनका क्रममा आएका कठिन शब्द (ठाँउका नाम) राखिनु यस कक्षाका विद्यार्थीको क्षमता भन्दा उच्च रहेको र यी शब्दलाई मा.वि तहका कक्षामा समेटिनु उपयुक्त देखिन्छ ।

रूपक विधाको दास्रो पाठ 'उद्योगलाई भन्दा कृषिलाइ जोड' वादविवादमा जम्मा ४२६ वटा शब्दसङ्ख्या रहेका छन् । जसमा विकारी वर्ग अन्तर्गत पर्ने शब्दका सङ्ख्या १६६ रहेको छ । अविकारी शब्दको सङ्ख्या ३९ रहेका छन् । भने बनोटका आधारबाट विश्लेषण गर्दा मूल शब्दको सङ्ख्या ४७ रहेको छ र व्युत्पन्न शब्दको सङ्ख्या २८ रहेछ । त्यसैगरी स्रोतका आधारबाट विश्लेषण गर्दा तत्सम शब्दको सङ्ख्या ६४, तत्भव शब्दको सङ्ख्या ६७र आगन्तुक शब्दको सङ्ख्या १६ रहेको छ । ४ शब्दहरू बाट निर्मित शीर्षक भएको यो पाठमा जम्मा गरी ६५९ वटा सङ्ख्या रहेका छन् । ४ जना वक्ताहरू सहभागी रहेको यस वादविवादमा१५१ वटा वाक्यहरू रहेका छन् । १२-१५ वटा शब्दले निर्माण भएका वाक्यहरू रहेका छन् । त्यसैगरी र, तर जस्ता संयोजकले जोडेका वाक्यहरू७ वटा सम्म रहेको यस पाठमा सरल र व्याकरणिक संरचनाको प्रयोग गरिएको छ । समाज तथा देश विकासका लागि आवश्यक पर्ने उद्योग र कृषिको पक्ष र विपक्ष आफ्ना तर्क राख्ने गरी समाविष्ट यो पाठ विद्यार्थीहरूको पूर्व ज्ञान र स्तरलाई महत्त्व  दिइएको पाइदैन । आजको वैज्ञानिक युगलाई विषयवस्तुका रूपमा अघि बढाई विद्यार्थीहरूमा ज्ञान प्रदान गर्न समेटिएको यस वादविवादले सुनाइ, बोलाइ, पढाइ तथा केही मात्रमा अभिनय कलाको पनि विकास गराउँदछ । भाषा पाठ्यक्रमले तोकेका उद्देश्यहरू मध्ये रूपक विधासँग सम्बन्धित स्तर अनुसारका मौखिक अभिव्यक्तिहरू ध्यानपूर्वक सुनी तिनमा भाग लिन, आफूले देखे सुनेका, अनुभव गरेका घटना, वस्तु तथा वातावरणका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न, मौखिक अभिव्यक्तिहरू सुन्ने क्रममा प्रयुक्त हाउभाउ र अभिनयमा ध्यान दिन, विभिन्न स्रोतका समग्रीबाट शब्दभण्डारको वृद्धि गर्न, पढेका पाठका शब्दहरूको उपयुक्त प्रयोग गर्न, आफूले देखेका, सुनेका अनुभव गरेका वस्तु, घटना तथा वातावारणका विषयमा लिखित वर्णन गर्न र आफ्नो रुचि अनुसारका विषयमा मौलिक रचना गर्न सक्दछन् । यस पाठमा राखिएका शब्द तथा वाक्य विद्यार्थीको स्तर अनुकूल देखिन्छ । जसले गर्दा उपर्युक्त उद्देश्य पूरा गर्न यो पाठ उपयुक्त देखिन्छ ।

**उपदेयता**

विद्यालय स्तरको आधारभूत तह अन्तर्गत कक्षा ७ को भाषा पाठ्यपुस्तकमा समाविष्ट आन्तरिक पर्यटन संवाद र 'उद्योगलाई भन्दा कृषिलाई जोड'वादविवाद रूपक विधा अन्तर्गत पर्ने पाठहरूहुन् । रूपक विधा भनेको विद्यार्थीहरूमा भाषिक सीप सँगसँगै अभिनय तथा अभिव्यक्ति कलाको विकास गराउने विधा हुन् । प्रस्तुत संवाद र वादविवाद पाठलाई कक्षा शिक्षणका क्रममा विद्यार्थीहरूलाई नै संवाद तथा वादविवादमा सहभागीसँग सामान्यीकरण गरेर विद्यार्थी केन्द्रित विधिद्वारा शिक्षण गर्नु उपयुक्त देखिन्छ । विद्यार्थीहरूलाई नै यी पाठका वक्ता बनाई उनीहरू बीच मै संवाद तथा वादविवाद गराएमा उनीहरू भित्रको डर लाज हराई अभिनय तथा अभिव्यक्ति क्षमताको विकास हुने गर्दछ ।

कक्षा ७ को भाषा पाठ्यपुस्तक (२०७०) मा समाविष्ट रूपक विधाको अध्ययन शीर्षकमा केन्द्रित रहेको यस शोधमा उक्त कक्षामा प्रयुक्त रूपकहरूको शब्दभण्डार, संरचना र विषयवस्तु जस्ता पक्षमा अध्ययन विश्लेषण गरिएको छ । यी पक्षका साथ साथै पाठ्यक्रमले उल्लेख गरेका तहगत उद्देश्य बमोजिम यी पाठको उपयुक्तताको विश्लेषण समेत यस शोधमा गरिएको छ । त्यसै गरी उद्देश्यका आधारमा पाठको उपयुक्तताको विश्लेषण गरी यिनका सबल र दुर्बल पक्ष केलाई विशेष सुझाव समेत प्रस्तुत गरिएको छ ।

यस अध्ययनमा कक्षा ७ को पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको आवश्यकताको आधारबाट अध्ययन विश्लेषण नगरिएकाले भविष्यमा आउने अनुसन्धानकर्ताले शोध कार्य गर्नु उपयुक्त देखिन्छ । त्यसैगरी भाषिक सीप शिक्षणका दृष्टिबाट पनि यस कक्षाको रूपकको अध्ययन गर्नु उचित देखिन्छ र भविष्यमा आउने अनुसन्धानकर्तालाई उपयुक्त शीर्षक निम्नानुसार रहेका छन्:

क. कक्षा ७ को भाषा पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको आवश्यकताको अध्ययन ।

ख. कक्षा ७ को पुरानो भाषा पाठ्यपुस्तक र हालको भाषा पाठ्यपुस्तकमा प्रयुक्त रूपकको तुलनात्मक अध्ययन ।

ग. कक्षा ७ को सरकारी विद्यालय र संस्थागत विद्यालयको पाठ्यपुस्तकमा समाविष्ट रूपकको तुलनात्मक अध्ययन आदि ।

## सन्दर्भसामग्री सूची


अधिकारी, विष्णुप्रसाद (२०७०), *प्राथमिक शिक्षक दिग्दर्शन,* काठमाडौँः आशिष बुक हाउस प्रा.लि. ।

अधिकारी, विष्णुप्रसाद (२०७२), *निम्न माध्यमिक शिक्षक दिग्दर्शन,* काठमाडौँः आशिष बुक हाउस प्रा.लि. ।

अर्याल, अञ्जु (२०६२), *कक्षा ७ पुरा गरेका विद्यार्थीहरूको नेपाली शब्दभण्डार क्षमताको अध्ययन,* अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि., काठमाडौँ ।

उपाध्याय, केशवप्रसाद (२०५९), *साहित्य प्रकाश,* (छैटौँ संस्करण), पुलचोक, ललितपुर, साझा प्रकाशन ।

गौतम, दुर्गाप्रसाद (२०६५), *कक्षा ७ को हाम्रो नेपाली किताब र मेरो नेपाली माला भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन,* अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस, मोरङः ।

नेपाल सरकार (२०७१), *नेपाली किताब कक्षा ७ प्रथम संस्करण २०७०,* भक्तपुरः पा.वि.के. ।

*नेपाली वृहत शब्दकोश* (२०४०) काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

नेपाली, निधिबहादुर (२०७०), *भाषिक सीप शिक्षणका दृष्टिले माध्यमिक तहमा सामाविष्ट रूपक विधाको अध्ययन,* अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस, मोरङः ।

पण्डित, रामकल (२०६१), *कक्षा ३ को मेरो नेपाली किताब र सजिलो नेपाली मालामा प्रयुक्त शब्दभण्डारको तुलनात्मक अध्ययन,* अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि., काठमाडौँ ।

पोखरेल, बालकृष्ण (२०६०), *नेपाली वृहत शब्दकोश,* काठमाडौँः प्रज्ञा छापाखाना ।

पौड्याल, नवराज (२०६८), *कक्षा ६ को हाम्रो नेपाली किताब र सजिलो नेपाली माला भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन,* अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस, मोरङः ।

पौड्याल, रामप्रसाद (२०६१), *माध्यमिक तहमा पुरानो पाठ्यपुस्तक महेन्द्रमाला र हालको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन,* अप्रकाशित शोधपत्र,

स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, महेन्द्र रत्न क्याम्पस, ताहाचलः ।

पौडेल, चेतन (२०६५), *माध्यमिक नेपाली व्याकरण,* रचना, अभिव्यक्ति र अभ्यास, काठमाडौंः प्रशान्ति प्रकाशन ।

भण्डारी, पारसमणि (२०६०), *प्राथमिक तह (कक्षा १-३) का विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारको निरूपण,* अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि., काठमाडौंः ।

भण्डारी, लीलादेवी (२०६८), *कक्षा ६ का हाम्रो नेपाली किताब र नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट रूपकहरूको अध्ययन,* अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस, मोरङः ।

भट्टराई, घटराज (२०५५), *नेपाली व्याकरण रचना र साहित्य* (छैटौं संस्करण), काठमाडौंः सृष्टि प्रकाशन ।

भट्टराई, देवीप्रसाद (२०६९), *शैक्षिक मनोविज्ञान,* काठमाडौंः क्वेस्ट पब्लिकेशन ।

भट्टराई, शकुन्तला (२०६९), *कक्षा ७ को हाम्रो नेपाली किताब र नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट रूपकहरूको तुलनात्मक अध्ययन,* अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस, मोरङः ।

लम्साल, रामचन्द्र र अन्य (२०६७), *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति* (चौथो संस्करण), काठमाडौंः भुँडीपुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०५७), *नेपाली व्यारकण र रचना,* काठमाडौंः त्रियुगा अफसेट प्रिन्टिङ्ग प्रेस ।

शर्मा, मोहनराज (२०६१), *शब्दरचना, वर्णविन्यास, वाक्यतत्व, अभिव्यक्ति र पाठहरू,* भोटाहिटीः नवीन प्रकाशन ।

शर्मा, मोहनराज (२०५२), *भाषा विज्ञान र नेपाली भाषा* (द्वितीय संस्करण), काठमाडौंः नविन प्रकाशन ।

सुवेदी, सावित्रा (२०६९), *कक्षा ५ को सजिलो नेपाली र मेरो नेपाली किताब, पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन,* अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस, मोरङः ।